# परिच्छेद एक

## परिचय

### १.१ अध्ययनको पृष्ठभूमी

नेपाल एउटा गरिब मुलुक हो । यहाँको भौगोलिक बनाबटले देशको विकास गर्नमा ठुलो बाधक रहेको छ । शिक्षाको अवस्था पनि नाजुक रहेको अवस्था सबै लाई थहा भएकै विषय हुन् । सार्क राष्ट्र मालदिभ्स र अफगानिस्तान भन्दा केही बढी तर अरु राष्ट्रहरु जस्तै भारत, श्रीलङ्का, पाकिस्तान, भुटान भन्दा धेरै मात्रा त्यहाको शिक्षाको दर कम रहेको छ। श्रीलङ्को सबभन्दा बढी साक्षरता दर रहेको पाइन्छ । नेपालको साक्षरता प्रतिशत ५०% मात्र रहेको जसमध्ये महिलाको साक्षरता ३३% पनि नरहेको देखिन्छ । यस्तो अवस्थामा शिक्षामा महिलाको सहभागिता बढाउनु पर्ने अवस्था अनिवार्य देखिन्छ। छोरा जातिले बढी सुविधा पाउने, उनीहरु बोर्डिङ्ग स्कुलमा पढने, घरको काम नगर्ने, समाजिक र धार्मिक दृष्टिकोणले उनीहरु बढी महत्वपूर्ण, कामयाव रहेको अवस्था विद्यमान छ । छोरालाई मात्र बुढेसकालको सहारा रहेको सामाजिक कुविचार रहेको अवस्था छोरा विनाको आमावावु का जीवन अगामी, निःसन्तान भएको, पूण्य कर्म गर्न नमिल्ने अवस्था पनि विद्यमान रहेको पाइन्छ।

छोरी जाति अर्का को घर जाने जात, घरको काम गर्ने जाति रहेको सामाजिक विभेदपूर्ण रितिरिवाज रहेको अवस्था पाइन्छ । उनीहरुका शिक्षाको पहुछ कम रहेको पाइन्छ। उनीहरु घरको चुल्हा चौक ागर्ने जात रहेको सामाजिक कुप्रथा अहिले पनि रहेको देखिन्छ।

असमान र प्राचीन संरचना विरुद्ध प्रजाजान्त्रिक सहभागिता र शान्तिपूर्ण आधारमा कृत्रिम भेदभाव को अन्तयमा मानव सभ्यताको सम्वर्धन हुन्छ भने सोचको आधारमा सामाजिक न्यायको अवधारणा आएको हो। संविधान महिला र

पुरुषका वीचमा भेदभाव भगरेको र समानता भएको मानिए ता पनि सामाजिक वस्तुस्थितिलाई हेर्दा पूर्ण समानता नभएको आभास हुन्छ । सहरी क्षेत्रमा के हो कम भए पनि ग्रामिण क्षेत्रमा महिला र पुरुष बीच ठुलो भिन्ता देखिन्छ । अतः कानुनको दृष्टिमा सबै समान रहेकोले महिला र पुरुषको शिक्षामा समान अधिकार दिएको खण्डमा उनीहरु वीचको भेदभाव अन्त्य गर्न सकिन्छ ।

मानिसले बाँच्नका लागि समय सापेक्ष आफुलाई समायोजन गर्नु पर्ने हुन्छ । यसका लागि उसले देखेर, भोगेर, पढेर आफुलाई आफू रहेको वातावरण अनुकुल परिवर्तन गर्न बटुल्ने अनुभवहरु व्यवहारमा लागु गर्दछ । शिक्षाले बालकको अन्तर्निहित प्रतिभालाई प्रस्टफुटन गराउँछ । यो जीवनपर्यन्त चलिरहने प्रक्रिया हो । औपचारिक, अनौपचारिक, अनियमित वा आकस्मिक रुपमा जीविका कुनै पनि चरणमा मानिसले शिक्षा आर्जन गरिरहेको हुन्छ । ब्रह्माण्डमा र जीवन मरणलाई हेर्ने दृष्टिकोण समय अनुसार फरक हुने कारणले स्थान, काल र समायानुसार त्यसका उद्देश्यहरु फरक हुने गर्दछ ।

नेपाली समाजमा महिलाको स्थानको परिभाषा तथा पहिचानका सन्दर्भमा कुरा गर्दा प्राचीनकाल देखि नै नेपाली समाज हिन्दु दर्शन र धर्मबाट प्रभावित भएको तथ्यलाई आत्मसाथ गर्नुपर्छ । नेपालका गैरहिन्दुहरुम पनि र हिन्दुधर्म संस्कारको त्यति नै प्रभाव पारेको देखिन्छ । प्रत्येक सामाजलाई निर्देशन गर्ने तत्व दुई वटा हुन्छन् । एउटा उत्पादन प्रणाली रुकरुप रु अर्को धार्मिक दार्शनिक सिद्धान्त यस सन्दर्भमा कुरा गर्दा नेपाली महिलाको हैसियत निर्धारणमा हिन्दु धर्म दर्शनको महत्वपुर्ण भुमिका रहेको छ । हिन्दुधर्मको व्याख्या नारी र पुरुष दुवैलाई समान हेरिएको छैन । प्राचिनकालमा महिलालाई शक्ति, जन्मदाता, मातृत्व, करुणा, वात्सल्य तथा पुरुषका अर्धाङ्गीनीका प्रतिकका रुपमा लिएको पाइन्छ । महिलालाई धन, शक्ति, र ज्ञानको प्रतिकका रुपमा पनि लिइएको छ । तर पछिल्लो समयमा समाजमा पुरुषको प्रभुत्व बढेको देखिन्छ । महिलालाई पुरुषको सहयोगी वस्तुको

रुपमा स्वीकारी उनीहरुको स्वतन्त्रता पुरुषमा निहित रहेको तथ्य देखिन्छ । समाजमा पुरुषको बाहुल्यता विकास हुदै जाँदा लैङ्गिक विभेद र असमानताहरुको पनि विकास हुदै गए । अर्कोतिर उत्पादन प्रणालीको रुपान्तर संगै समाजमा पितृसता हावी हुदै आयो । परिणाम रुपरुप श्रोत माथि पुरुषको एकलौटी पहुँचको विस्तार भयो । यसै पृष्ठभूमिमा विकास भएको सामन्ती तथा पुँजीवादी उत्पादन व्यवस्थाले उत्पादनमा महिलाको भूमिकालाई महत्व दिन सकेन । यिनै घटनाक्रम र समय सन्दर्भमा रहेर समस्त महिलाको हैसियत निमार्ण भएको पाईन्छ ।

एउटा असल समुदाय तथा व्यक्तिको अवस्थालाई विभिन्न तत्वहरुले प्रतिविम्वित गरेको हुन्छ जस्तै मानव अधिकारको सुनिश्तितता, सामाजिक हितको विषयमा समावेशीपन, रोजगारी, अधिकारहरुको सुरक्षा आदि तर मधेशी दलित समुदाय सदियौं देखि सांस्कृतिक र धार्मिक रुपमा बहिष्कृत, सामाजिक रुपमा अपहेलित, आर्थिक रुपमा शोषित, राजनैतिक रुपमा उपेक्षित, शैक्षिक रुपमा वञ्चित भौगोलिक रुपमा कुण्ठित, भाषिक रुपमा अपहेलित, मानसिक रुपमा कुण्ठित समग्रमा अलग पहिचान नभएका मधेशी मूलका समूदाय नै मधेशी दलितहरु हुन् । जस्तै : डोम, दुसाध, धाबी, हलखोर, खत्बे, मुहर, तत्मा, बातर, सन्थाल, सुतार, चमार, आदि जातिहरु पर्दछन् ।

यी जातिहरु पछि पर्नुका कारण गरिबी, अशिक्षित, रुढिवादी परम्परागत सोच आदिमा परिवर्तन नहुनाले विभिन्न मानवीय अधिकारहरुबाट बञ्चित हुनु परेको छ । पुरातन रुढिवादी परम्परागत सोचमा समय अनुसार सुधार नभएको कारण पुरानै जंगली युगमा र पुरानै मानसिकताबाट पिडित रहेको छ । कम उमेरमा अर्थात् बालविवाह गर्नुका कारण अभिभावकको करचाप आदिबाट हुने गर्दछ । यसले स्वास्थ्यमा प्रतिकुल असर पारेको देखिन्छ । बालबालिका अशिक्षित तथा अरु उच्च जातिका बालबालिकाको सम्पर्कमा नरहँदा उसमा आत्मबलको कमि भएको देखिन्छ, जसले गर्दा उसले अभिभावकको प्रस्तावलाई स्वीकार्नु पर्ने

हुन्छ । जुन बालबालिकाको इच्छा र आकांक्षाका विपरित प्रायः देखिन्छ । यसरी अभिभावकको प्रस्तावलाई स्वीकार्नु पर्ने बाध्यता, बालमजदूरी, झारफुक विश्वास, छुवाछुत, अरुको दमन शोषण, सरसफाईको कमि तथा अधिकारको चरम उलंङ्घन भएको देखिन्छ ।

दलितहरुको जीवन समस्यै समस्याले ग्रसित छन् । त्यसपछि समाजले उनीहरुसँग अमानवीय व्यवहार गर्छ । मधेशी दलितहरु परम्परागत व्यवसायमै सिमित छन् । जस्तै माछा-मार्ने, अर्काको खेतवारीमा श्रमिक बनेर काम गर्ने, अरुको हरुवा, चरुवा भएर काम गर्ने सिनो फ्याँलने आदि कामहरु गर्ने गर्दछन् । उनीहरुको सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक जागरुकता हरेक पक्षमा नाजुक स्थिति रहेको छ ।

हाम्रो देशमा दलित समुदाय सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक तथा राजनैतिकरुमा विभेदीत, शोषित, उत्पीडित, अपहेलित, अपमानित तथा छुवाछुतको शिकार रहँदै आएको छ । सम्पुर्ण दलित समुदायमा शैक्षिक रहेको छ । (राष्ट्रिय दलित आयोग, २०६०)

नेपाललाई अन्तरिम संविधान २०६३ ले संवैधानिक रुपमा नै संङ्घीय लोकतातान्त्रिक मुलुकको रुपमा स्वीकार गरिसकेको छ । १५ जेठ, ०६५ मा सम्पन्न भएको ऐतिहासिक संविधान सभाको पहिलो बैठकले मुलुकलाई संङ्घीय लोकतान्त्रिक गणतन्त्रको घोषणलाई अनुमोदन गरिसके पछि नेपाल अब एक संङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक बनिसकेको छ । तैपनि नेपाली समाजमा जातिवाद तथा वर्णव्यवस्थामा आधािरित सामाजिक-साँस्कृतिक र धार्मिकलगायतका विभेदहरु कायमै छन् । समाजमा जरो गाडेर रहेका यस किसिमका विभेदकारी मूल्य मान्यतको सबैभन्दा बढी शिकार दलित समुदायमा नै हुने गरेका छन् । नेपालमा २० प्रतिशत भन्दा बढी जनसंख्या रहेको दलित

समुदायले सामाजिक सांस्कृतिक, अर्थिक, राजनैतिक, प्रशासनिक, शैक्षिक लगायतका हरेक क्षेत्रमा विभेद खेपिरहनु परेको छ । अझ जातिय छुवाछुत जस्तो मानवलाई मानवको रुपमा समेत स्वीकार नगर्ने वा जनताकै आधारमा भेदभाव तथा छुवाछुत समेत गर्ने विभेदकारी रुढिवादी मान्यता अहिलेसम्म समाजबाट हट्न सकेको छैन् । जसका कारण दलितहरुले दैनिक रुपमा छुवाछुत, भेदभाव, शोषण, दमन, कुटनितिक, सामाजिक बहिष्करण, गाँउ निकाला, अन्तरजातीयि विवाहमा रोक, यौन शोषण, बलात्कार, नाकाबन्दी, सार्वजनिक स्थलमा प्रवेश निषेधजस्ता घटनाहरुको नामना गरिरहनु परेको छ । (दलित मानव अधिकार २००८)

यसरी मानसिक रुपमा नै दबिएका दलित समुदायको शैक्षिक अवस्था अत्यन्त न्युन हुनु स्वाभाविक हो र दलित महिलाको साक्षरता अवस्था न्युन भएको सहजै अनुमान लगाउन सकिन्छ ।

विश्वका धेरै मुलुकहरु पश्चिमी र पूर्विय शिक्षा प्रणाली सञ्चालित छन् । नेपालको प्राचिनकाल वैदिक शिक्षा प्रणालीबाट प्रभावित भएकोले यहाँ गुरु, ऋषि, वितृ र देवकुल शिक्षा प्रणालीको व्यवस्था रहेको थियो । लिच्छविकालमा बौद्ध धर्ममा आधारित गुम्बा, चैत्य र विहारहरुमा शिक्षा दिइनुका साथै शैव र वैष्णव धर्मको आधारमा शिक्षाको व्यवस्था गरिएको थियो । मल्लकालमा सिद्धिनरसिंह मल्लको पालामा ईसाइ पादरीले अङग्रजी शिक्षाको प्रचार गरेकाले उनलाई देश निकाला गरिएको थियो । गुरुकुल शिक्षा धर्म प्रधान भए पनि व्यवसायिक रुपमा कर्मकाण्ड, ज्योतिष शास्त्रको साथै कला संस्कृतिक पनि विकास भएको पाइन्छ । ( वाग्ले, २०५८)

वृहत नेपाली शब्दकोश अनुसार साक्षर भन्नाले अक्षर चिनेको वा जानेको, लिपि चिनेको, अलिअलि लेखपढ गर्न सक्ने अल्पशिक्षित भनि लेखिएको पाईन्छ ।

साक्षरताको परिभाषलाई स्पष्ट पार्न आफ्नो मातृभाषामा लेखिएको दैनिक जीवनसंग सम्बन्धित छोटा र साधारण वाक्यहरु बुझेर लेखपढ गर्न सक्ने र बुझेको कुरा एक आपसमा राम्ररी संचार गर्न सक्ने । साधारण हरहिसाब गर्न सक्ने तथा सिकेका कुरालाई व्यवहारमा उतार्न सक्ने व्यक्तिलाई साक्षर व्यक्ति मानिनेछ । (महिला शिक्षा पाठ्यक्रम, २०६१) भनेर परिभाषित गरिएको छ । नेपालमा साक्षरता र अनौपचररिक शिक्षालाई पर्यायवाची शब्दको रुपकम पनि यदाकदा लिदै आउको पाईन्छ । यो मान्यताच गलत हो । शिक्षावेद् ला वेला (La Bella) ले अनौपचरिक शिक्षालाई यसरी परिभाषित गरेका छन् । औपचारिक शिक्षाको संरचना भनदा बाहिर भउकैं व्यवस्थित शैक्षिक प्रक्रियालाई अनौपचारिक शिक्षा भनिन्छ । यस शिक्षाबाट विशेष समूहले विशेष क्षमता एवम् अनुभव आर्जन गर्न सक्छन् । माथिका दुबै परिभाषाहरुको गहनतम अध्ययन गर्दा अनौपचारिक शिक्षाको अभिप्राय र साक्षरता कार्यक्रमको अभिप्रायलाई देहाय बमोजिम गरिएको छ ।

साक्षरता प्राप्त भएको कारण महिलाहरुको दैनिक जीवनमा भोग्नुपरेका समस्याहरु सुल्झाउन साक्षरताका माध्यमबाट सहयोग प्रदान गर्ने । कार्यमूलक शिक्षाका माध्यमबाट सहभागीहरुका दैनिक व्यवहारिक ज्ञान सीपको अभिवृद्धि गरी उनीहरुको जीवनयापनमा सरलता ल्याउने, पिछडिएको तथा निन्न आय भएका महिलाहरुको जीवनस्तर उठाउन आयआर्जनका लागि व्यवासायमूलक सीप प्रदान गर्ने । आमाहरुलाई साक्षर गाराई छोराछोरीलाई विद्यालय पढन प्रोत्साहित गर्ने । जनचेतना अभिवृद्धि गरि महिला र पुरुष बीचको लैङ्गिक विभेद तथा निरक्षरताका असमानता क्रमश घटाउँदै लैजाने ।

वि.सं. २०६८ सालको राष्ट्रिय जनगणनाको अनुसार जातिगत साक्षरताको आधारमा मधेशी दलितहरुको साक्षरता दर एकदमै न्युन छ भने महिलाहरुको साक्षरता दर अझ न्युन छ ।

नेपालको कुल साक्षरता प्रतिशत ६५.९ पुगेको छ अझै करीब ३३ प्रतिशत मानिसहरु निरक्षर नै छन । त्यसरी नै नेपाली महिलाको कूल साक्षरता प्रतिशत ५७.४ पुगेको छ भने अझै ४२.६ प्रतिशत महिलाहरु निरक्षर नै छन् । पुरुष र महिलाको तुलनामा गर्ने हो भने साक्षर पुरुष भन्दा साक्षर महिलाको संख्या १७.६ प्रतिशतले कमी छ । हाल नेपालमा सन् १९९० को सबैको लागि शिक्षा विषयक विश्व सम्मेलन र सन् २००० को डकार कार्य ढाँचा अनुरुप सन् २०१५ सम्म सबै व्यस्कलाई आधारभूत तथा निरन्तर शिक्षाको पहुँच पुऱ्याउने एवं शिक्षामा लैङ्गिक समान्ता हासिल गर्ने अनुरुप नै अनौपचारिक शिक्षाका कार्यक्रमहरु संचालनमा भइरहेका छन् । (अनौपचारिक शिक्षा निर्देशिका २०६२)

मानव परापुर्वकालदेखिनै आफुलाई जानेको ज्ञान, सीप, क्षमता र व्यवहारहरु कुनै न कुनै रुपमा अरुलाई सिकाउँदै आएको पाईन्छ । सामाजिक प्रचलिन, संस्कार, परीस्थिति, मूल्य र मान्यताहरु आफ्ना भावी पिढीमा क्रमशः हस्तानान्तरण गर्दै लगेको इतिहास पाईन्छ । मानव सभ्यताको विकासको प्रमुख आधार शिक्षा हो । शिक्षा सधै विकसित भइरहने प्रक्रिया हो, यो कहिले पनि अन्त्य हुँदैन किनकि शिक्षा नै जीवन हो, जीवन नै विकास हो र विकास नै शिक्षा हो । शिक्षाले चेतनालाई सुषुप्त अवस्थाबाट जागृत अवस्थामा पुऱ्याएको हुन्छ । शिक्षो नै सोचाईलाई परिस्कृत गर्दछ र मानिसको उत्पादनशीलता र सिर्जनशील्तामा वृद्धि गराउन संभव त छ भन्ने तथ्य पनि सर्व विदितै छ । यिनै कुराले गर्दा शिक्षालाई आज मानिसको एक आधारभूत आवश्यकताको रुपमा लिन थालिएको हो ।

मानिसलाई समय सापेक्ष व्यवहार गर्न र परिस्थिति अनुसार सामायोजन हुन शिक्षाले नै महत्वपुर्ण भूमिका खेलेको हुन्छ । मानिसमा अन्तर्निहित क्षमतालाई प्रस्फुटित गराउने, नैतिक, चरित्रवान र अनुशासित बनाउने साधन शिक्षानै हो । पढनु, अध्ययन गर्नु, जानकारी लिनु, उपाधि लिनु, प्रशिक्षण लिनु, सिक्नु, साक्षर

हुनु आदि शब्दहरु शिक्षाका पर्यावाची शब्द हुन । सारांशमा भन्ने हो भने मानिसमा भएको सम्पुर्णताको पहिचान नै हो, मानिसको विकास गराउने साधन नै शिक्षा हो । शिक्षाको आधुनिक परिमार्जित स्वरुप औपचारिक शिक्षा हो । यसलाई नियमित शिक्षा पनि भनिन्छ । यसमा निश्चित उद्देश्यहरुको निर्धारण गरी निश्चित पाठ्यक्रम, पाठ्यवस्तु, समय सापेक्ष शिक्षण विधि र मूल्याङ्कनको समेत व्यवस्था गरिएको हुन्छ । औपचारिक शिक्षा विद्यालयबाट शुरु हुन्छ, त्यसका लागि एउटा संरचना बनाइएको हुन्छ । त्यस संरचनाभित्र विद्यालयबाट भवन हुन्छन, घोषित र अघोषित, देखिने पाठ्यक्रम तथा पाठ्यवस्तुहरु हुन्छन । हाम्रो देशको सन्दर्भमा प्राथमिक विद्यालय, निम्न माध्यमिक विद्यालय, माध्यमिक विद्यालय, उच्च माध्यमिक विद्यालय र विश्व विद्यालयका विभिन्न कक्षाका स्वरुपलाई औपचारिक शिक्षा मानिएको छ ।

औपचारिक शिक्षाको ठीक विपरित सामान्यता विद्यालय वा विश्व विद्यालयहरुको औपचारिक संरचना बाहिर दिइने शिक्षाको स्वरुपलाई अनौपचारिक शिक्षा भनिन्छ । औपचारिक शिक्षाले पुरा गर्न नसकेको कतिपय कुराहरु पुरा गर्ने माध्यमको रुपमा अनौपचरिक शिक्षालाई लिइन्छ । शिक्षा शास्त्री Paulo Friere (1970) का अनुसार कुनै पर्व निर्धारित वा पहिलेनै निश्चित गरिएको पाठ्यक्रमबाट केही पनि नजान्ने ठानिएका विद्यार्थीहरुलाई अरुको वासी पुराण घोकाउने प्रक्रिया अनौपचारिक शिक्षा हो भने त्यसको ठीक विपरित सिकारुको सुषुप्त प्रतिभाको कदर गरी उनीहरुकै इच्छा र आवश्यकता अनुरुप आपसमा सिक्ने र सिकाउने प्रक्रिया अनौपचारिक शिक्षा हो (शर्मा एण्ड शर्माद्वारा उद्धत २०५३) अनौपचारिक शिक्षा त्यसतो शिक्षा हो जसले औपचारिक शिक्षा छाडेकालाई वैकल्पिक शैक्षिक मार्ग प्रदान गर्दछ ।

विगतले वर्तमालाई मार्गदर्शन गर्छ । विगतमा भए गरेका कार्यहरुको लेखाजोखा गरी वर्तमानका लागि कार्यतर्जुमा गर्नु बढी सान्दर्भिक हुन्छ । यसैले

कुनै पनि अनुसन्धान कार्यको लागि सम्बन्धित समाग्रीहरुको अध्ययन र समीक्षा एउटा महत्वपुर्ण कार्य हो । पुर्व साहित्यको समीक्षाबाट अध्ययन कर्ताले अध्ययन अनुसन्धान गर्न बाँकी रहेको विषय वा क्षेत्रमा जानकारी लिने, नयाँ यस अध्ययन सँग सम्बन्धित लेख, रचना शोधग्रन्थ आदिको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ । (शर्मा एण्ड शर्माद्वरा उद्धृत २०५३) को अनुसार महिलाहरुले पुरुषको दाँजोमा कामहरु धेरै गर्छन तर तबि सबै कामहरु ओझेलमा पारिएका हुन्छन् । यसैले गर्दा आर्थिक वृद्धिदर तय गरिने, उत्पादनको नाप लिने जस्ता कामको सूचक बनाउने कार्यमा यसले महत्व पाएको हँदैनन् । फलस्वरुप वार्षिक आयको निर्धारण गर्ने कार्यमा नै असर परिरहेको छ । यस प्रकारको मापन कार्यले गर्दा देशका विकासको लागि तयार परिउको योजनाको कार्यान्वयनमा समेत नराम्रो असर परिरहेका हुन्छन् । यस्ता कुराहरुलाई पनि अर्थशास्त्रीहरुले चासोको विषय बनाएका हुदैनन् । किन अर्थशास्त्रका क्षेत्रहरुलाई पुरुष पक्षीय बनाएर आर्थिक व्यवस्थापनका कार्यहरु गरएका हुन्छन् । यस्ता कुराहरु धेरै विचारणीय छन् । त्रिपाठी (२०६३) देश विकासका लागि अर्थतन्त्रले महत्वपुर्ण भूभिका खेलेको हुन्छ । यस कार्यमा समाजका विभिन्न वर्गका व्यक्तिहरुको योगदान रहेको हुन्छ । हाम्रो जस्तो विकासतर्फ अग्रसर हुन खोजेको देशका महिलाहरुले गर्ने कामले बजारसँग सोझो सम्पर्क राख्न सक्दैनन् । तापनि यस्ता खाले अर्थतन्त्रमा सघाउ पुऱ्याएको हुन्छ भन्ने कुरा बिर्सनु हुँदैन । विशेष गरी हाम्रो देशको ग्रामिण अर्थतन्त्रमा महिलाहरुको सहभागिता र योगदान बढी छ तर महिलाहरुले काम गर्ने कामहरु सानातिना हुन भन्ने धारणाले व्यापक मान्यता पाएको छ । यस्तो धारणा व्यापक मान्यता यस्तो धारणा नै गलत छ । यहि धारणाको असर महिला वर्ग र सिंगो देशले नै भोग्नु गरेको छ भन्ने कुरामा त्रिपाठी (२०६३) ले विषेश जोड दिनु भएको छ ।

## १.२ समस्याको कथन

साक्षरता प्राप्त दलित महिलाहरु हरेक क्षेत्रमा पछि परेका छन । साक्षरता प्राप्त दलित महिला महिलाहरुलाई स्वास्थ्य र जीवनको आवश्यकताहरुको प्राप्त गर्नमा नितान्त व्यक्तिगत देखि अति सार्वजनिक रुपमा समेत समाजमा विभिन्न तहहरुबाट व्यवधान पुगिरहेको छ । त्यसै गरी कामको बोझ र शक्ति एवं प्रभावको अभावले गर्दा नेपालका अधिकांश महिलाहरु आफ्नो जीवन स्वास्थ्य र सुख सुविधा प्रतिको चुनौतीसंग सामना गरिरहेका छन । युनेस्कोको सन् २००२ मा प्रकाशित सबैका लागि शिक्षा सम्बन्धि अनुगमन प्रतिवेदनले के देखाउछ भने सन २००५ सम्म सबैका लागि शिक्षा भन्ने अन्तराष्ट्रिय प्रतिवेदनलाई नेपाल सहित एकतीस वटा देशले पुरा गर्न नसक्ने स्थिति छ । (मिश्र, २०६१) नेपालको सन्दर्भमा वि.सं. २०६८ को जनगणना अनुसार २ करोड ६४ लाख ९४ हजार जनसंख्या मध्ये ७०/७५ लाख नेपालीहरु निरक्षर देखिएका छन् । यी मध्ये ३१ लाख महिलाहरु निरक्षर छन् ।

नेपाली महिलाहरुको पुरुष जस्तै शिक्षामा बराबर अधिकार नपाएकाले सामाजिक स्थितिमा फरक हुन गयो । सामाजिक न्यायको प्रत्याभुत हुन सकेन । यसै कारणले महिलाको स्थिती दयनीय भएको र महिलको सो अधिकार प्राप्तनगरे सम्म महिला समाज र सम्पूर्ण राष्ट्रकै शैक्षिक सामाजिक स्थितिमा सुधार आउने छैन र देशका झण्डै आधा भाग ओगटेका महिलाका हरेक पक्षको विकास नभई समग्र र देशकै विकास असम्भव प्राय हुन्छ भन्ने भनाई र यही विषयलाई समस्या बनाएर यसका पक्षहरुको प्रस्तुत विषयलाई लागु गराउन लागी परेको छन् ।
आधा जनसङ्ख्या ओगटेको महिलाले शैक्षिक समानता नपाएकाले स्थिति नाजुक रहेको र देशले पनि विकासको फडको मार्न नसकेको कुरा सुन्न पाइन्छ । यसको कारण नेपाली समाजको सामाजिक संरचना र शैक्षिक स्थिति नै विग्रेने अवस्था

अग्रसर भएको देखिन्छ । त्यसैले महिलालाई पुरुष सरह सम्पुर्ण अवसर प्रदान नहुनु प्रस्तुत विषयका समस्याहरु हुन् ।

एकातर्फ सरकारले महिला शिक्षामा एक दशकभन्दा ठूलो धनराशि खर्च गरिरहेको छ तरपनि यस्तो स्थिति सृजना हुनुमा अत्याधिक जनसङ्ख्या वृद्धिदर हुनु, प्राथमिक विद्यालयमा बालिकाहरु कम मात्रामा सहभागी हुनु बढी मात्रामा कक्षा छोडने प्रवृति हुनु एवं महिलासाक्षरता कार्यक्रममा सरकार एवं अन्य संस्थाहरुको चासो कम रहनु प्रमुख कारण हुन । समुदायमा आधारित साक्षरता अभियान भनिए तापनि शिक्षा पाउने शिक्षा लिनु र दिनुपर्ने भन्ने कुरामा स्थनीय जनसमुदायमै खास चासो बढाउने सकिएको छैन । व्यवहार परिवर्तन गराउन कठीन परेको छ । दलित महिलाहरुको शैक्षिक अवस्था न्युन भएको कारण उनीहरु आफ्नो अवस्था प्रति सचेत नभएको देखिन्छ । उनीहरुको सामाजिक-आर्थिक अवस्था एकदमै न्युन हुनु, कम उमेरमै विहावारी हुनु, आर्थिक स्थिति न्युन भएको कारण विद्यालयमा पठनबाट वञ्चित हुनु, महिलाहरुमा छोराप्रतिको मोहका कारण धेरै सन्तानहरुको जन्म दिनु, प्रमुख कारण पनि शैक्षिक रुपमा सचेत नहुनाले दलित समुदायम महिला साक्षरताको अवस्था र यसको प्रभाव विषयमा अध्ययन गर्नु आवश्यकता महसुस भएकोले यो अध्ययन गर्न लागिएको हो ।

साक्षर प्रप्त दलित महिलाहरुको पढाइ, लेखाइ, गणितीय तथा कार्यमूलक ज्ञान सीपको उल्लेखनीय परिवर्तन ल्याई जीवनस्तरमा साकारात्मक परिवर्तन ल्याउने उद्देश्य खोजेको हुन्छ । यसको लागि सहभागीहरुको रुचिस्तर तथा आवश्यकता बुझ्ने सहयोगी कार्यकर्ताको व्यवस्था गरिन्छ भने त्यसै अनुरुपको सुहाउँदो साक्षरता समग्रीको पनि व्यवस्था सम्बन्धि खोज वा सुधार गरेको छ ।

एकराही गा.वि.स. मा रहेको दलितहरुमा परम्परागत वस्तुस्थितिले गर्दा जकडिएर रहेको उनीहरुमा परम्परागत चेतना मात्र रहेको महिलाहरुप्रति हेर्ने

दृष्ट्रिकोण नामकारात्मक भएको र सोही अनुसार महिलाहरुपनि संचालन भएकोले उनीहरुको वास्तविकता स्थितिलाई परिचालन गरी स्तर उठाउनको निम्ति शैक्षिक जागरण कार्यक्रम ल्याउन सकिन्छ ? भन्ने प्रश्न एकतिर जन्मायो भने अर्को तिर दलित महिलाहरुमा कुन तरिकाले बढी भन्दा बढी सहभागिता ल्याउन सकिन्छ भन्ने प्रश्न चिन्ताको विषय हुँदाहुदै दलित महिलाहरुमा वर्तमान शैक्षिक जागरण कुन तरिकाले अघि बढीरहेको छ ? त्यसतै उनीहरुको परम्परागत सोचाईमा शिक्षाले परिवर्तन ल्याउन सक्छ कि सक्दैन ? आदि प्रश्न दलित महिलाहरुको नाजुक स्थितिको बावजुध उत्पन्न भएर आएको छ जुन विकराल समस्याको रुपमा भएर आएको छ ।

समाजमा स्थापित परम्परागत लिङ्ग विभेत र असरमान व्यवहारमा समयानुकुल सुधार गरी महिला र पुरुष वीच समान सहभागिता र अवसर स्थापना गर्नु नै लैङ्गिक समानता हो । लैङ्गिक समता, समानता र महिला सशक्तिकरणका लागि Focal agency को रुपमा काम गर्न स्थापना भएको महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको Focal points को लागि विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको छ । (समानता, २०६२ वर्ष ३ अंक १) महिला शिक्षाा र समानताको कुरा कैयौंले शिक्षा पाएर पनि त्यसलाई प्रयोग गर्न पाउँदैनन् र कतिपयले त एक ठाउँमा छुट्न गएको शिक्षालाई फेरि अनुकुल वातावरण मिलाई अगाडि बढन सकेका हुँदैनन् । शर्मा सुरेशराज २०५७ वास्तवमा महिलाहरुलाई आर्थिक, समाजिक, राजनैतिक कानून एवं साँस्कृतिक रुपले शक्ति सम्पन्न गराउनु नै महिला सशक्तिकरणका लागि उनीहरुको आत्मबल बढाउनु पर्छ । साथै उनीहरुले क्षमता प्रयोग गर्ने अवसर पनि पाउनु पर्छ । स्थानीय साधन र स्रोतको प्रशस्त उपयोग गरिनुपर्दछ । यी सबै अवसरहरु शिक्षाले नै प्रदान गर्दछ । यसको लागि महिलालाई शिक्षित नबनाई हुँदैन । निरक्षर महिलाहरुलाई साक्षर बनाउनु पर्दछ । १५-४५ वर्ष उमेर समुहका सम्पूर्ण

महिलालाई साक्षरता बनाउनु टडकारो आवश्कता महसुस भएको छ । अतः यस अध्ययनले दलित समुदायमा महिला साक्षरताको अवस्था र यसले सामाजिक आर्थिक स्थितिमा पारेको प्रभावको अध्ययन गर्न चाहेको छ ।

## १.३ अध्ययनको औचित्य

अध्ययनको औचित्य सम्बन्धि भन्नुपर्दा अहिलेको विज्ञान तथा प्रविधिको युगमा एकदमै महत्वपुर्ण देखिन्छन् । अहिले प्रविधिको मदतले संसारलाई एकदमै सानो बनाएको छ । अहिले आमएर विश्वभरका मानिसहरु कुनै पनि स्थान, व्यक्ति र संस्कृति र अरु पक्षहरुको सम्बन्धमा जानकारी हासिल गर्न सक्षम भएका छन् । मानव अधिकारवादिहरुको विचारमा अहिले उपलब्ध भएका प्रविधिहरुको मदतले केहि व्यक्तिहरु धेरै व्यक्तिहरुसँग सम्बन्ध राखि विकसित देशहरुमा सम्बन्ध विस्तार गरिरहेका छन् । त्यो सबैको लागि बराबरी उपलब्धिको रुपमा देखा परेको छ ।

वि.सं. २०६३ सालको नेपाल अधिराज्यको अन्तरिम संविधानले लिङ्गका आधारमा कुनै भेदभाव नगरेको भए पनि सामाजिक सांस्कृतिक दृष्टिले महिलालाई हेर्ने सकारात्मक दृष्टिले विकास हुन सकेको छैन । समाजमा यूगौदेखिको लैङ्गीक विभेद र यसकै कारण सामान्य घरेलु व्यवहार (Household practices) देखि राष्ट्रिय स्तरमा शिक्षामा महिलाको उल्लेख्य स्थान रहन सकेको छैन । २०६२ सालको जनआन्दोलन प्रतिस्थापन गरेको केही मुलभूत मान्यता कै कारण त्यस पछिका समायमा महिला शशक्तिकरण तथा शैक्षिक सकृयतामा थोरै सकारात्मक संकेत देखिएका छन् ।

समाजको आधार स्तम्भ रुपमा रहेको महिला जसलाई भगवानका रुपमा पुजा गरिन्छ, शक्तिपिठका रुपमा आराधना गरिन्छ । प्रेरणा श्रोत, ममताका सागर,

करुणाखानी, प्रेरणादायी व्यक्तिका रुपमा व्याख्या गरिन्छ यस्ता महिलाको समाजमा भएको अवस्थाको वारेमा जे जति अध्ययनहरु भए पनि ती पूर्ण रुपमा प्रयाप्त भएका छैनन् । र यस सामाजिक सारोकार सँग जटिल सम्बन्ध राख्ने पक्षको अध्ययनको आवश्यकता अबका दिनहरुमा पनि खोजपूर्ण नै भएर रहने छन् । त्यस्तो विषयको अध्ययनको समाजमा महत्वपूर्ण औचित्य रहन्छ । साथै वर्तमान समयमा शिक्षामा लैङ्गीक असमानता को वारेमा अध्ययन कर्तालाई बढी चाख लागेर यो विषयको अध्ययन गरिएको हो । यो विषयले समाजमा के कस्तो चर्चा परिचर्चा पाएको छ । यो विषय नेपाली समाजका लागी सकारात्मक छ कि नकारात्मक सो वारेमा समाजलाई सचेत र सजग बनाई समता मूलक समाजको निमार्ण गर्नु पनि त्यतीकै जरुरी देखिन्छ ।

अहिले उपलब्ध भएका सूचना तथा संचार माध्यबाट जस्तै टि.भि., रेडियो, इन्टरनेट, इमेलबाट बढीभन्दा बढी ज्ञान प्राप्त गर्न र नयाँ नयाँ कुरासम्मम पुग्न सफल भएको देखिन्छ । यी विभिन्न सूचना र जानकारीका कारण विविध समुदायमा व्यक्तिहरु एकसाथ मिलेर काम गर्न सक्षम भएको देखिन्छन् ।

साक्षर भएपछि व्यक्ति पत्रपत्रिका समिप पुगेर विभिन्न नयाँ नयाँ कुरा थाहा पाएर आफ्नो जीवनसुधार ल्याएको देखिन्छ । त्यसैले अहिलेको समयमा मानिसको जीवनस्तर सँग जीवनसुधार ल्याएको देखिन्छ । त्यसैले अहिलेको समयमा मानिसको जीवनस्तर सँग सम्बन्धित विभिन्न अध्ययन अनुसन्धानको निकै महत्व देखिन्छ र त्यो आवश्यक पनि देखिन्छ ।

यस अध्ययनबाट साक्षर महिलाहरुको ज्ञान, सीप र मनोवृतिमा भएको विकासलाई सामाजिक, आर्थिक तथा सांस्कृतिक जीवनका हरेक क्षेत्रमा महिलाको सहभागितामा पहुँच र नियन्त्रण बढाउदै लैजाने मद्दत गर्नेछ । समतामूलक तथा व्यवहारिक समाज स्थापनाको लागि सार्वजनिक महिला स्वयम समतामूलक तथा

व्यवहारिक सम्बन्धमा उनीहरु आफैले निर्णय गर्न सक्नेछन । महिला सशक्तिकरणका लागि परिवार भित्रबाटै सहयोग र सामर्थ्य परिवर्तनको प्रभावकारिता अध्ययनले अन्य क्षेत्रका दलित समुदायहरुलाई पनि प्रभावकारी सहायोग पुऱ्याउनेछ । यिनै औचित्यताको लागि साक्षरता प्राप्त दलित महिलको जीवन शैली विषयमा शोधकार्य गर्ने प्रयास गरिएको छ ।

## १.४ अध्ययनको उद्देश्यहरु

यस अध्ययनको उद्देश्यहरु निम्नानुसार रहेका छन् :

१. साक्षरता प्राप्त दलित महिलाहरुको जीवन शैली पता लगाउने ।

२. साक्षरता प्राप्त दलित महिलाको जीवन शैलीमा प्रभाव पर्ने तथ्यहरु खोजी गर्ने ।

३. साक्षरता प्राप्त दलित महिलाहरुको जीवन शैलीमा देखापरेका समस्याहरु पता लगाउने ।

४. साक्षरता प्राप्त दलित महिलाहरुको जीवन शैलीमा देखापरेका समस्या समाधानका उपायहरु खोजी गर्ने ।

## १.५ अनुसन्धान प्रशनहरु

१. साक्षरता प्राप्त दलित महिलाहरुको समुदायमा के कस्ता आर्थिक सामाजिक परिवर्तन पाइएका रहेछन् ?

२. साक्षरता प्राप्त दलित महिलाहरुको जीवन शैलीमा प्रभाव पार्ने तथ्यहरु के-के हुन सक्छन ?

३. साक्षरता प्राप्त दलित महिला प्रति स्थानीय सोच के कस्तो छ ?

४. साक्षरता प्राप्त दलित महिलाहरुको जीवनशैलीम देखापरेका समस्याहरु के के हुन् ?

५. साक्षरता प्राप्त दलित महिलाहरुको जीवनशैलीमा देखा परेका समस्या समाधानका उपायहरु के-के हुन सक्छ ?

## १.६ अध्ययनको परिसीमा

सिमित स्रोत र खर्चमा अनुसन्धान कार्य पुरा गर्नु पर्ने भएकोले धनुषा जिल्ला अन्तर्गत एकराही गा.वि.स. को साक्षरता प्राप्त दलित महिलाहरुको जीवन शैली अनुसन्धान थालिएको हो । यो सानो प्रयासले देशभरीका वसोवास गर्ने सबै ठाउँको साक्षरता प्राप्त दलित महिलाहरुको नसमेटिन सक्छ तर उपयोगी हुन सक्छ साथै शोधकर्ताको सीमित समय स्रोत र साधनको कारणले ठुलो क्षेत्रमा लामो समय लगाएर अध्ययन गर्न सजिलो छैन । तसर्थ शोध शिर्षकको अध्ययनलाई धनुषा जिल्ला एकराही गा.वि.स. वार्ड नं. १ र ५ मा यो अध्ययन सीमित रहेको छ । तसर्थ यसलाई ठुलो जनसङ्ख्यामा सामान्यीकरण गर्न सम्भव छैन ।

# परिच्छेद दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

### २.१ सम्बन्धित साहित्यको पूनरावलोकन

कुनै पनि विषय वस्तुको अध्ययन अनुसन्धान गर्नका लागि त्यस विषयवस्तु वारे पहिले भए गरेको सोध अनुसन्धान सुझाव एवम् सम्बन्धित विषय संग मेल खाने सन्दर्भ सामग्री र पुस्तकहरुको अध्ययन गर्नु सान्दर्भिक हुन्छ । विगतले वर्तमानलाई मार्ग दर्शन गर्दछ। नेपालको अन्तरीम संवधान २०६३ को भाग ३ मा मौलिक हक सम्बन्धि व्यवस्था गरेको छ। यसको धारा १३ मा समानताको हक सुनिश्चित गरेको छ। जस अनुसार राज्यले नागरिकहरुका बीच धर्म, वर्ण, जात, लिङ्ग, उत्पति, भाषा वा वैचारिक अवस्ताको आधारमा भेदभाव गरिने छैन भन्ने उल्लेख गरेको छ । यसैको उपधारा ४५ मा समान काम का लागि महिला पुरुषका बीचमा पारिश्रमीक तथा सामाजिक सुधारमा भेदभाव गरिने छैन ।

धारा २० मा महिलाको हक सम्बन्धि व्यवस्था गरेको छ भने धारा २१ म सामाजिक न्यायको वारेमा उल्लेख गरेको छ। यस अन्तर्गत सामाजिक, आर्थिक र शैक्षिक दृष्टिकोणले पछि परेको महिलालाई समानुपातिक सामावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहयोगी हुन पाउने व्यवस्था गरेको छ। राजनैतिक दल दर्ता गराउँदा दलको विभिन्न स्तरका कार्यकारिणी समिती समेत महिला रहने व्यवस्था अन्तरिम संविधानको धारा १४२ (ग) मा उल्लेख गरेको छ । साथै कुनैपनि राजर्नतिक दलले संविधान सभाको निर्वाचनमा उम्मेदवारी दिदा कम्तीमा ३३% अनिवार्य हुनुपर्ने व्यवस्था गरेको छ । यसको लागि सबै वर्गका महिला साक्षर भई गुणस्तरीय जीवनको लागि अग्रगामी भुमिका खेल्न सक्छन् ।

यसैले कुनैपनि अुनसन्धान कार्यको लागि सम्बन्धित सामग्रीहरुको अध्ययन र समिक्षा एउटा महत्वपुर्ण कार्य हो । सम्वन्धित साहित्यको समिक्षाबाट अध्ययन कर्ताले अध्ययन अनुसन्धानहरु गर्न बाँकी रहेको विषय वा क्षेत्रमा जानकारी लिने नयाँ विषय वस्तु खोज्ने र त्यस्ता विषय वस्तुहरुको वारेमा गहिराईमा पुग्ने गर्दछ । यस अध्ययन संग सम्बन्धित लेख रचना शोध ग्रन्थ कृति आदिको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ ।

सिन्हा (२०४८) हाम्रो ग्रामिण जनजीवनको आधार विचारलाई गहिरिएर अध्ययन गर्दा हामी के पाउँछौ कि नेपालीहरु व्यवहार, सूचना, जानकारी अदान प्रदान गर्ने तरिका मौखिक साक्षरता अभ्यास आदि पछि परेको देखिन्छ । सही रुपमा साक्षरताका विभिन्न स्वरुप अभ्यासहरुको प्रयोग भएका पाउँछौ । एउटा निरक्षर पसलेले किनेको खाना वा खाएको खाना को सही जोड निकाल्छ । हामीलाई थाहा छ अहिले पनि पहाडी भेगतीर बीसको अभ्यास जीवन्त नै छ । तराई तिरका ग्रामिण साक्षर पहिला आफ्नो दैनिक जीवनमा आवश्यक पर्ने साधारण हरहिसाब, रुपैया गन्ती गर्ने, रुपैया पैसा जोड, घटाउ, गुणन र भाग गर्नका लागि आफनै किसिमका रैथान विधि विकास गरेका छन् । यसका साथ साथै घरायसी हर हिसाबको लागि बिना क्याल्कुलेटरको सहयताले गर्दछ ।

के.सी. (२०६३) का अनुसार साक्षरता प्राप्त सहभागीहरुले पढाइ, लेखाइ, गणितीय तथा कार्यमूलक ज्ञानसीपमा उल्लेखनीय परिवर्तन ल्याई जीवा शैलीमा साकारात्मक परिवर्तन लयाउने उद्देश्य राखेको हुन्छ ।

जनउथान (२०१०) अन्य समुदायको तुल्नामा दलित महिलाहरु अशिक्षित, बेरोजगार, सुकुम्बासी गरिब, शोषित, फोहरी विरामी जस्ता समस्याले ग्रस्त छन् र दलित महिलाको आत्मसम्मान र स्वभिमान शताब्दीयौ देखि खोजीएको छ । अर्याल (१९९६) साक्षरता २१ औं शताब्दीको सबैभन्दा ठुलो चुनौती विश्वव्यपी

रुपमा देखिएका छन् । साक्षरता नै कुनै पनि देश विकासको मेरुदण्ड हो । माथिको विश्लेषणबाट यो स्पष्ट हुन्छ कि विकास असंभव छ । साक्षरता विना कुनै पनि समाजको दलित महिलाको जीवन शैली विभिन्न पक्षहरुमा साकारात्मक परीवर्तन ल्याकएको हुन सक्दछ समाजिक सुधार ज्ञानको वृद्धि, आर्थिक स्वाबलम्बन, सक्रियतामा वृद्धि, आत्म विश्वासमा वृद्धिको साथ साथै आय आर्जन र सहभागी महिला सदस्यहरुको सशक्तिकरणमा साक्षरता प्राप्त दलित महिलाहरुको जीवन शैलीमा ठुलो परिवर्तन ल्याइदियो ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

कुनै पनि अनुसन्धान कार्यलाई निचोडमा पूर्व स्वीकृत सिद्धान्त सिद्धान्तको अधार लिनु पर्नै हुन्छ । पूर्वस्वीकृत सिद्धान्तमा आधारित कुनै पनि तथ्यहरु विश्वासनीय र वास्तविक हुन्छ । अनुसन्धानबाट पतालागाइएका कुराहरु स्थापित सिद्धान्तबाट प्रमाणित भएको हुनुपर्दछ । यस्ता मान्यता प्राप्त तथ्याङ्कहरुको सहयोगबाट नयाँ समस्याको सामाधानका लागी विकल्पहरु खेज्नु सजिलो हुन्छ । साक्षरता प्राप्त दलित महिलाले समाजमा महत्वपुर्ण भूमिका निर्वाह खेल्न सक्छन् । हरेक काममा जोस, जाँगर, उत्साह र मानोबल बढदछ भन्नु स्वीकृत मानयता भएकाले उत्प्रेरण सक्बन्धित विभिन्न सिद्धान्तहरुलाई यस अुनसन्धान कार्यक्रम उपयोगी गर्नु उचित हुने देखिन्छ । यस कार्यक्रममा खटिएका पर्यपेक्षक कर्मचारी आदि उत्प्रेरणा जगाउनको लागी नै अनुभव र योग्य हुनु पर्दछ । त्यस कारण पर्यवेक्षकले साक्षरता प्राप्त दलित महिलाको जीवन शैलीलई गुणस्तरीय बनाई विभिन्न लक्ष्य र उद्देश्य पुरा गर्नका लागी पर्यवेक्षकले सरोकारवाला पक्षहरुको उत्प्रेरणा जगाउने किसिमले कार्यगर्नु पर्ने हुन्छ । यस क्रममा उत्प्रेरणा सम्बन्धित विभिन्न सिद्धान्तहरु प्रतिपादन भएका छन् । यस मध्ये प्रसिद्ध फ्रडरिक हर्जवर्जको प्रेरक र आरोग्य सिद्धान्त सन् १९५० लाई यस अनुसन्धानको क्रममा गरिएको छ ।

फ्रडरिकको सिद्धान्त सन् १९५० मा दुई वटा तत्वहरु संलग्न छन् जसलाई आरोग्य तत्व र अभिप्रेरक तत्व भनिन्छ । यस सिद्धान्तमा मानिसहरु के चाहन्छन् र केले उनीहरुलाई अभिप्रेरित गर्दछ सो पतालगाउने उद्देश्य राखिएको हन्छ । यसकारण पर्यवेक्षकले समाजमा प्रभावकारीता ल्याउन आवश्यक पर्ने उत्प्रेरक तत्वहरुको पहिचान गर्न आवश्यक हुन्छ ।

## १. आरोग्य तत्व

यस तत्वले व्यक्तिलाई उत्कृष्ट कार्य गर्नको लागी अभिप्रेरित गर्दछ । फ्रेडरिकका अनुसार आरोग्य तत्व अन्तर्गत संगठन वा संस्थाको नीति र प्रशासनिक व्यवस्था प्राविधिक सुपरीवेक्षण मातहतका कर्मचारी संगको सम्बन्ध तलब भता नोकरीको सुरक्षा कार्य सन्तुष्टि आदि पर्दछन् । यस अनुसन्धानमा पनि उत्कृष्ट कार्य भनेको साक्षरता प्राप्त दलित महिलाको जीवनशैली वारेमा थाहा पाउनु हो । आफु साक्षर भएर जीवनशैलीमा परिवर्तन ल्याइको  पाईयो । नयाँ नयाँ कामको शुरुवात गरेको पाईयो ।

## २. अभिप्रेरक तत्व

यस तत्वले सन्तुष्टि दिलाउने तत्वहरुको प्रयोग गर्नु उद्देश्य रोक्न प्रयास हो भन्ने कुरामा जोड दिइएको हुन्छ । यस तत्वको अभावका मानिसमा असन्तुष्टि पैदा हुन्छ ।

व्यक्तिगत विकास, उतरदायीत्व, पहिचान, मान्यता र उपलब्धी आदि कुरामा विशेष ध्यान दिनु यो सिद्धान्तको मान्यता हो । प्रस्तुत अध्ययनमा साक्षता प्राप्त दलित महिलाहरु स्वावलम्बी भएकोमा तिनीहरु सन्तुष्ट भएको पाईयो । यसै सिद्धान्तलाई आधार मानेर उतप्रेरणा सम्बन्धि हर्जवर्गको सिद्धान्तलाई यस अध्ययनमा उपयोग गरिएको छ । यसका सरोकारवाला पक्षहरु समाजका

मानिसहरु तथा अभिभावकहरु आदि आफ्नो कार्यप्रति उतप्रेरित गर्न सके मात्र सफल हुन्छ । भन्ने मान्यता लिएर यस अनुसंधानलाई अगाडि बढाइएको छ ।

## २.३ पुनरावलोकनको उपादेयता

अनुसन्धानकर्ता अध्ययन संग सम्बन्धि साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाकाले साक्षरता प्राप्त दलित महिलाले समाजमा दलित महिलाको स्तरमा सोचेजस्तो सुधारनल्याएको हो तथा महिलाहरु अभिभावकहरु द्वरा जहिला पनि अपहेलित हुनु परेको छ । विकासको आर्थिक मेरुदणडलाई उपार्जन गर्न दलित महिलाहरु दलित पुरुषबाट जहिले पनि उमानित र अवमूल्यन सहित हुनु पर्ने हो त्यति फाइदा दिन सकेका छैन । हर्जवर्गको आरोग्य र अभिप्रेरक सिद्धान्त सान् १९५० कम्पनीका कामदारहरु कसरी अभिप्रेरित गर्न सकिन्छ भन्नेमा बढी केन्द्रित भएकोले यस सिद्धान्तलाई यस अनुसन्धानमा प्रयोग गरिएको छ । आराग्य तत्वले महिलालाई पढाइ लेखाइ, सफा-सुग्घर तथा रहन-सहनमा उत्कृष्ट प्रदान गरेको छ । जसले गर्दा उनीहरुको सम्पुर्ण दिन चर्या विस्तारै बदलिदै गएको छ । यस परिपेक्ष्यमा साक्षरता प्राप्त दलित महिला वालवालिका तगा सरोकार वाला पक्षहरुमा के कस्तो प्रभाव पारेको छ भनेर हालसम्म अध्ययनको विषयवस्तु बनाईएको छ । यस अध्ययनले साक्षरता प्राप्त दलित महिलाको वारेमा जानकारी राख्ने सबैलाई सहयोग पुऱ्याउने विश्वास लिइएको छ । यस प्रकार सम्बन्धित साहित्यको पुरावलोकन र सैद्धान्तिक खाकाले यस अध्ययनलाई वास्तविक बनाउन, विभिन्न स्रोतबाट प्राप्त विश्लेषण गर्न सहयोग गरेको छ । साथै यस अध्ययनलाई पूर्णता दिन पुष्टिगर्न र अध्ययनकर्तालाई थप खोज गर्न सघाउ पुऱ्याएको छ ।

# परिच्छेद तीन

## अध्ययन विधि

अनुसन्धानको मुख्य उद्देश्य कुनै दुई वा दुई भनदा बढी सिद्धान्तको बीच कारण सम्बन्ध पता लगाई नयाँ सिद्धान्तको खोजी गर्नु हो । यो खोज एक निश्चित उद्देश्य तर्फ लक्षित हुन्छ । अनुसन्धान भनेको त्यो व्यवस्थित र वस्तुगत विश्लेषण तथा नियन्त्रीत अवलोकनको अभिलेख राख्ने कार्य हो । जसले कुनै विशेष प्रकृयाको प्रभाव अथवा कारणका रुपमा रहेको विभिन्न घटनाको सामान्यीकरण गरी सिद्धान्तको विकासमा सघाउ पुऱ्याउँछ । प्राकृतिक प्रकृया बीच पूर्ण अनुमानित अम्बन्धहरुको परिकल्पना गरिएको स्वरुप वारे योजनावद्ध, नियन्त्रीत तथा प्रत्यक्ष अनुभवमा निम्न किसिमका अनुसन्धान पद्धती (Research Methodology) अपनाइनेछ ।

कुनै पनि अध्ययन अनुसन्धान जटिल कार्य हो । अध्ययन गर्दा निश्चित विधि अपनाएर कार्य गरेमा जटिल कार्य पनि सजिलै हुन्छ । अध्ययन सम्पन्न गर्नका लागी विषयवस्तुको उद्देशय प्राप्त हुने गरी विभिन्न विधि तौर तरीकाहरु अवलम्बन गर्नु पर्ने हुन्छ त्यसलाई अनुसन्धान विधि भनिन्छ । किनकी विधिले अध्ययन अनुसन्धान कार्यलाई निश्चित बाटो देखाउने, लक्ष्यमा पुग्न सहायोग गर्ने उद्देश्य पुरा गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेल्दछ । यस अध्ययनका लागि विभिन्न साधनहरुको निमार्ण गरी अनुसन्धानकर्ता स्वयम स्थलगत रुमपा सम्बन्धित क्षेत्रमा पुगी तथ्याङ्क संकलन गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा

यस अध्ययनको प्रमुख उद्देश्य साक्षरता प्राप्त दलित महिलाहरुमा अध्ययन गरी उनीहरुमा साकारात्मक दृष्किोण विकासका लागी मद्दत पुऱ्याउनु रहेको

शोधकर्ताले आत्मगत धारणा विचार, अनुभव, भावना, प्रवृति जस्ता मानवयि व्यवहार रस गुणहरुको अध्ययन गर्नु हुन्छ । तसर्थ यस शोधका लागी मुख्य तह गुणात्मक अनुसन्धान विधिनै उपयुक्त देखाएको छ । पर्यवेक्षकको भूमिका तथा सरोकारवालाको दृष्किोणलाई प्राकृतिक भाषामा संकलन र विश्लेषण गरी निष्कर्ष निकालिएको छ । गुणत्मक अनुसन्धान ढाचाँमा अधारित अध्ययन भएकोले व्याख्यात्मक तथा विवेच्नात्मक शैली अपनाएको छ । तथापी सरकोकारवालामा परेको प्रभाव विश्लेषणका क्रममा संख्यात्मक विधिको समेत प्रयोग गरेर मिश्रित ढाँचामा प्रस्तुत गरिएको छ ।

## ३.२ अध्ययनको जनसङ्ख्या तथा नमूना छनौट

कुनै पनि अध्ययनको लागी अध्ययन सँग सम्बन्धित जनसङ्ख्याको आवश्यकता पर्ने भएकाले यस अध्ययनको जनसङ्ख्यामा दलित महिला, अभिभावक, शिक्षक, कृषक तथा अन्य मानिसहरु रहेका छन् । धनुषा जिल्ला एकराही गा.वि.स. अन्तर्गत साक्षरता प्राप्त दलित महिलाहरु यस अध्ययनको प्रमुख क्षेत्र रहेका छन् ।

तालिका - १

नमूना छनौटका आधारहरु

| क. सं. | जनसङ्ख्या | नमूना छनौट | छनौट विधि |
|---|---|---|---|
| १. | दुवै वाडामा साक्षरता प्राप्त दलित महिलाहरु | एद्देश्यमूलक नमूना छनौट विधिका आधारमा | सम्पुर्ण साक्षरता प्राप्त दलित महिलाहरु मध्ये बेजोरा रो.नं. भएकालाई लिने |
| २. | दुवै वाडा बाट २०/२० जना अभिभावक | संभावना युक्त नमूना छनौट विधिका आधारमा | गोला प्रथा द्वारा छापिने |

स्रोत : स्थलगत अध्ययन २०७२

यस अध्ययन कार्यका लागी धनुषा जिल्लाको कूल जनसङ्ख्या मध्ये एकराही गा.वि.स. वार्ड नं. १ र ५ मा स्थायी वासोवास गर्ने साक्षरता प्राप्त दलित महिलाबाट संभावना युक्त नमुना  छनौटको आधारमा दुवै वाडा बाट २०/२० जनालाई छनौट गरिएको छ ।

## ३.३ तथ्याङ्कका स्रोतहरु

तथ्याङ्कहरु जहाँबाट प्राप्त गर्न सकिन्छ त्यसलाई तथ्याङ्कको स्रोत भनिन्छ । अनुसन्धानको प्रकृति अनुसार तथ्याङ्क प्राप्त हुने स्रोतहरु फरक-फरक हुन सक्छन् । साधारणतया यस अध्ययनमा निम्नलिखित स्रोतहरु प्रयोग गरिएको छ ।

(क) प्राथमिक स्रोत:

अनुसन्धानकर्ता द्वारा पहिलो पटक सङ्कलन र प्रयोग गरिएका तथ्याङ्कहरु प्राथमिक स्रोत अन्तर्गत पर्दछ । यस्ता तथ्याङ्कहरुका स्रोतलाई मौलिक स्रोत भनिन्छ । यसमा प्रथम अधिकार प्रयोग गर्न अनुसन्धान कर्ताको नै रहन्छ । यस क्रममा अवलोकन, अन्तर्गत, प्रश्नावली आदि साधनको प्रयोग गरिएको छ ।

(ख) द्वितीय स्रोत

अनुसन्धानको शिलशिलामा पूर्व प्रकाशित तथा संकलन तथ्यहरुलाई सहायक स्रोत भनिन्छ । अर्को शब्दमा भन्दा पहिले नै भए गरेको अनुसन्धान प्रकाशन, दस्तावेज इतियादी सहायक स्रोत हुन । यस अनुसन्धानको क्रममा जिल्ला शिक्षा कार्यालयको अभिलेख, जि.वि.स. को अभिलेख, जनगणना, पत्र पत्रिका लेख रचना आदि लाई प्रयोग गरिएको छ ।

## ३.४ अध्ययनका साधनहरु

गुणात्मक विधिमा तथ्याङ्क सूचनाहरुलाई प्राकृतिक अवस्थार्म पतालगाउनु पर्ने र अध्ययन विधिका विश्वानियता बहुसानको प्रयोगबाट सुनिश्चित गर्न सकिने भएकाले वहुसुचना संकलनका साधनहरुको प्रयोग गरिएको छ ।

(क) प्रश्नावली

छनौट परेका एकराही गा.वि.स. का साक्षरता प्राप्त दलित महिलाहरु सहयोगी कार्यकर्ताका लागी छुट्टाछुट्टै प्रनावलीहरु निमार्ण गरी समावेश गरिएका छन् । यस प्रश्नावलीका आधारमा सूचना संकलन गरिएको छ ।

(ख) अन्तरवार्ता सूची

छनौटमा परेका समाजसेवी र अभिभावक संग खुल्ला अन्तरवार्ता प्रश्नावली निमार्ण गरिएको छ । आवश्यक पर्ने सूचनाहरु अन्तरवार्ताका आधारमा छनौट गरिएको छ ।

(ग) अवलोकन फारम

प्रत्यक्ष र अप्रत्यक्ष अवलोकनलाई अध्ययनको आधारमा बनाइएको छ । गुणात्मक प्रकृतिको अनुसन्धान भएकाले सावधानी पूर्वक गरिएको अवलोकनले वास्तविक्तामा पुग्न र अध्ययनलाई र विश्वासनीय बनाउन सहयोग पुगेको छ । अबलोकन गर्दा रेटिङ्ग स्केल र रुजुसूचि विधिको अबलम्बन गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

तथ्याङ्क संकलन अपानाईने तौरतरिका नै तथ्याङ्क संकलन प्रकृया हो । (खनाल, २०२७) नमुना छनौटमा तोकिएको विद्यार्थी, अभिभावक, स्रोत, व्यक्ति, शिक्षकसंग अन्तरवार्ता प्रश्नावली रु अवलोकन फरमको माध्यमबाट प्रत्यक्ष रुपमा अनुसन्धानकर्ताबाट स्वयम उपस्थित भएर/भेटेर तथ्याङ्क संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

अध्ययन अनुसन्धानको गहन एवम् अङ्कको रुपमा तथ्याङ्क विश्लेषलाई लिईन्छ । प्राथमिक एवम् द्वितीय स्रोतबाट प्रप्त हुन आएका तथ्याङ्कलाई क्रमबद्ध रुपमा राखी विश्लेषण गर्ने कार्यलाई अध्ययन अनुसन्धानको कुनै अर्थ रहदैन । तसर्थ धनुषा जिल्लाका एकराही गा.वि.स. १ र ५ वाडामा विद्यार्थी, शिक्षक, अभिभावक कृषक र साक्षरता प्राप्त दलित महिलासंग अन्तरवार्ता र प्रश्नावली तथा अवलोकन

फारम बाट प्राप्त तथ्याङ्कलाई उपयुक्त शिर्षक एवम् विश्लेषण अन्तर्गत राखी व्याख्या विश्लेषण गरिएको छ । तथ्याङ्कको व्याख्या एवम् विश्लेषणको लागी गुणात्मक पद्धतिको प्रयोग गरी अध्ययन निष्कर्ष निकालिएका छ ।

# परिच्छेद चार

## तथ्याङ्कको विश्लेषण

दलित समुदायमा साक्षरता प्राप्त दलित महिलाको जीवनशैली शीर्षकमा गरिएको अध्यन अनुसारको लागी धनुषा जिल्लाको एकराही गा.वि.स. वार्ड नं. १ र ५ वार्डमा गरिएको सर्वेक्षणमा विभिन्न किसिमको जानकारीहरु पाइयो ।

साक्षरता प्राप्त दलित महिलाको जीवनशैली अवास्था वारे जानकारीलिदा दुई वार्ड एकराही १ मा ४० जना खत्वे, ३० जना चमार र २ जना तत्मा गरी जम्मा ७२ जना दलित महिलाका पाएँ भने एकराही ५ मा पासमान महिला ४५ जना र चमार ६ जना गरी जम्मा ५० दलित महिला पाए । एकरही वार्ड नं. १ मा ७२ दलित महिलाहरु मध्ये ३६ जना महिला साक्षर पाए त्यसतै एकराही ५ मा ५० जना मध्ये २८ जना महिला साक्षर पाए । तिनीहरुको पेशा अधिकांश कृषि पेशामा मजदूरी गर्ने गरेको पाईयो । साक्षरता प्राप्त दलित महिलाहरुको विभिन्न कठीनाइहरुको सामना गर्नु पर्ने अवस्था जस्तैः कामको बोझ, आर्थिक अभाव, परम्परागत धारणा कायमै सहेको पाईयो । साक्षरता प्राप्त दलित महिलाहरुको विभिन्न साकारात्मक परिवर्तन पाईयो । जस्तैः सामाजिक परिवर्तन, राजनीतिक परिवर्तन, आर्थिक परिवर्तन, पारिवारीक जीवनमा परिवर्तन, स्वास्थ्य तथा सरसफाईमा परिवर्तन, व्यवहारिक जीवनमा परिवर्तन आदि ।

### ४.१ सहभागीहरुले साधारण लेख पढ गर्न सक्नको अवस्था

एकराही गा.वि.स. मा साक्षरता प्राप्त दलित महिलाहरुको परम्परागत स्तरमा परिवर्तन ल्याई रहेको स्थिति रहेको छ ।

तालिका -२

साक्षरता प्राप्त दलित महिलाहरुको साधारण लेखपढ सम्बन्धि विवरण

| क.सं. | वडा नं. | साक्षर महिला | प्रतिशत | निरक्षर महिला | प्रतिशत | जम्मा महिला | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | एकराही-१ | २० जना | ३८.५ | ३२ जना | ६१.५ | ५२ जना | १०० |
| २. | एकराही-५ | २० जना | ५२.४ | १८ जना | ४७.६ | ३८ जना | १०० |
| जम्मा | | ४० जना | ४४.४ | ५० जना | ५५.६ | ९० जना | १०० |

स्रोत स्थलगत अध्ययन (२०७२)

यस तालिकाका निरक्षर महिला भन्दा साक्षर महिला शैक्षिक चेतनामा वृद्धि भएको छ ।

### ४.१.१ सहभागीहरुले घरायसी हर हिसाब गर्न स्थिति

दुवै वार्ड मा अभ्यास र प्रश्नावलीबाट प्राप्त भएको तथ्याङ्कलाई विश्लेषण गर्दा निरक्षर महिलाको दाजोमा साक्षरता प्राप्त दलित महिलाहरुले आफ्नो घरायसी जस्ता समस्या अर्थात् हर हिसाब स्वयम सामाधान गर्ने गरेका छन् । जुन निम्न तलिका बाट स्पष्ट हुन जान्छ ।

तालिका - ३

सहभागीहरुले घरायसी हर हिसाब गर्न सक्ने को विवरण

| क.सं. | वडा नं. | साक्षर महिला | सामाधान गर्न सक्ने सङ्ख्या | प्रतिशत | निरक्षर महिला सङ्ख्या | समाधान गर्न सक्ने | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | एकराही-१ | २० जना | | ८०% | २० | २ | १०% |
| २. | एकराही-५ | २० जना | | ९०% | २० | १ | ५% |

स्रोत स्थलगत अध्ययन (२०७२)

माथिको तलिकाबाट निरक्षर महिलको घरायसी हरहिसाब समाधान १०%/५% देखिन्छ भन्ने साक्षरता प्राप्त महिलाको धेरै राम्रो अर्थात् ८०% र ९०% देखिन्छ ।

### ४.१.२ सहभागीहरुको अन्य जिविकोपार्जन गर्न पेशा सम्बन्धि विवरण

दलित समाजमा जिविका चलाउने विभिन्न पेशाहरु रहेको छ । जसमध्ये प्रमुख पेशा कृषिमा ज्वालादारी गर्ने भारतमा ज्वालादारी गर्न जाने र कतिपय ठेका ज्वालादारी गाउँघरको हुने गरेको पेशा व्यवसाय गर्ने गरेको कुरा जानकारी पाईयो ।

तालिका - ४

सहभागीहरुको अन्य जीवीकोपार्जन गर्ने पेशा सम्बन्धि विवरण

| सि.नं. | पेशा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कृषिमा ज्वालादारी | २६ | ६७.५% |
| २ | भारतमा ज्वालादारी | ९ | २२.५% |
| ३. | ठेका ज्वालादारी | ४ | १०% |
| | जम्मा | ४० | १०० |

स्रोत स्थलगत अध्ययन (२०७२)

माथिको तालिकालाई हेर्दा कृषिमा ज्वालादारी ६७.५% भारतमा ज्वालादारी गर्न जाने २२.५% ठेका ज्वालादारी गाँउ घरमा गर्ने १०% देखिन्छ । सहभागी महिलाहरुको आर्थिक स्थिति निकै दयनीय देखिन्छ ।

### ४.१.३ शौचालय प्रयोग सम्बन्धि विवरण

जुनसुकै शिक्षाको मुख्य उद्देश्य भनेको आफ्नो दैनिक जिवनमा आइपर्ने समस्याहरुको सामाधान गरी स्वस्थ्य जीवनयापन गर्न सिकाउनु हो । यहाँ दलित साक्षरता प्राप्त संचालनमा स्वस्थ्य सम्बन्धि हुनु पर्ने ज्ञानमा शौचालयको उचित प्रयोग पनि एक हुने भएकाले अनिवार्य रुपमा शौचालय भएको हुनु अनिवार्य देखिन्छ । एकराही गा.वि.स. को १ र ५ दुबै वाडामा शौचालय भएको तथा सहभागीहरुमध्ये निम्न तरिकाले उपयोग गरेको पाईयो ।

तालिका - ५

शौचालय सम्बन्धि विवरण

| क.सं. | ऋवस्था | सहभागी मध्ये | प्रतिशत |
|---|---|---|---|
| १. | सफासँग | २० जना | ५० |
| २. | ऋतिसफा | ५ जना | १२.५ |
| ३. | फोहोर | ९ जना | २२.५ |
| ४. | ऋति फोहोर | ६ जना | १५ |
| | जम्मा | ४० जना | १०० |

स्रोत स्थलगत अध्ययन (२०७२)

साक्षरता प्राप्त दलित महिलाहरुमा चर्पीको प्रयोग गर्ने स्थिति वारे जानकारी पाईयो जसले गर्दा घरमा समेत चर्पीको व्यवस्था भएमा चर्पीको प्रयोग गर्न सक्नेछन् ।

## ४.२ साक्षरता प्राप्त दलित महिलाहरुमा पारेको सकारात्मक परिवर्तन

यहाँ सकारात्मक परिवर्तन भन्नेको दलित महिलाहरुमा पहिले भन्दा अहिले आएको सामाजिक, आर्थिक, राजनैतिक र साँस्कृतिक रुपमा आएको परिवर्तन भनेर बुझिन्छ । प्रस्तुत शोधमा विभिन्न सकारात्मक परिवर्तन पाईयो । जुन निम्नलिखित छन्ः-

## ४.२.१ सामाजिक परिवर्तन

साक्षरता प्राप्त दलित समाजमा महिलाहरुले उनीहरुको अधिकार प्रति सचेत गराई सामाजिक सेवा सुविधाका चिज वस्तुहरुको पहिचान गरी आफनो अधिकार र कर्तव्य बुझाइ परम्परागत व्यवहारमा परिवर्तन भएको देखिएको छ ।

तालिका - ६

साक्षरता प्राप्त दलित महिलाहरुको सामाजिक परिवर्तन

| क.सं. | सामाजिक परिवर्तनहरु | सहभागी ४० जना मध्ये | | सहयोगी २ जना मध्ये | | अभिभावक २० जना मध्ये | |
|---|---|---|---|---|---|---|---|
| | | ज्ना | प्रतिशत | जना | प्रतिशत | जना | प्रतिशत |
| १. | आफनो अधिकार वारे जानेको | १५ | ३७.५% | २ | १०० | ६ | ३०% |
| २. | सार्वजनिक श्रोत साधन उपयोग गर्न सकेको व्यक्तित्व विकास गर्न सकेको | ३६ | ९०% | २ | १०० | ५ | २५% |
| ३. | कुसमाजको एउटा सम्मानित सदस्यको रुपमा स्थपित | २ठ | ६७.५% | २ | १०० | ३ | १५% |
| ४. | समाजको एउटा सम्मानित सदस्यको रुपमा स्थापित | १२ | ३०% | १ | ५० | २ | १०% |
| ५. | सार्वजनिक सेवाको उपयोग गर्न जानेको | ३८ | ९५% | २ | १०० | ४ | २०% |

स्रोत स्थलगत अध्ययन (२०७२)

मथिको तालिका अनुसार हेर्दा सामाजिक परिवर्तनहरुमा आफ्नो अधिकार वारे बोल्न सकेको ३७.५% सार्वजनिक स्रोत साधन उपयोग गर्न सकेको ९०% व्यक्तित्व विकास गर्न सकेको ६७.५% समाजको एउटा सम्मानित सदस्यको रुपमा आफूलाई परिचित गराउन सक्ने जागरुक भएको ३०% तथा सार्वजनिक सेवा सुविधाको उपयोग गर्न बारे आफू सचेत भएको ९५% पाईयो । साक्षरता अभियानले गर्दा दलित महिलाहरुमा सामाजिक चेतना आइ उनीहरु हरेक प्रकार आफ्ना हक हितका लागी अवाज उठाइरहेको पाउनुका साथै विकास निमार्णमा जोशपूर्ण तरिकाबात सहभागिता जनाइरहेका छन् ।

## ४.२.२ राजनैतिक परिवर्तन

दलित सामाजका महिलाहरुको साक्षरता प्राप्त महिलाहरु आफु संगठित हुनु र जिज्ञासापूर्ण तरिकाले राजनैतिक गतिविधि कुराहरु सुन्न र थाहा पाउन थालेका तथा उत्साहित पूर्ण किसिमले स्थानीय स्तरको राजनैतिक घटनाक्रममा प्रत्यक्ष सहभागी हुन थालेको पाईयो ।

तालिका - ७

साक्षरता प्राप्त दलित महिलाहरुको त्यसको राजनैतिक परिवर्तनहरु

| क.सं. | राजनैतिक परिवर्तनहरु | सहभागी ४० जना मध्ये | | सहयोगी २ जना मध्ये | | अभिभावक २० जना मध्ये | |
|---|---|---|---|---|---|---|---|
| | | ज्ना | प्रतिशत | जना | प्रतिशत | जना | प्रतिशत |
| १. | मत दिने अधिकार वारे थाहा पाएको | २६ | ६५% | २ | १०० | १० | ५०% |
| २. | मतदान प्रकृयावारे थाहा पाएको | १६ | ४०% | १ | ५० | १२ | ६०% |
| ३. | रेडियो कार्यक्रम नियमित सुन्नथालेको | ३६ | ९०% | २ | १०० | १६ | ८०% |
| ४. | राजनैतिक सक्रियता देखाएको | ३२ | ८०% | २ | १०० | १७ | ८५% |

स्रोत : स्थलगत अध्ययन (२०७२०

माथिको तालिकाअनुसार यसरी हेर्दा वहुदलीय प्रजातन्त्रमा योग्य उम्मेदवार तथा दललाई मतभिन्ता पाउने अधिकार बारे थाहा भएको ६५% स्थानीय निर्वाचनमा योग्य उम्मेदवार तथा मतदानको प्रकृया वारे थाहा पाएको ४०% तथा ३२% ले स्थानीय तहको राजनैतिक माहोलमा सक्रियता देखाउन खोजेको पाईयो ।

### ४.२.३ आर्थिक परिवर्तन

सामान्यता परम्परगत जीवन पद्धतीमा आर्थिक उपार्जन गरिहेका दलित महिलाहरु वर्तमान महिला साक्षरताको कारण केही जागरुक भई आधुनिक तरिकाबाट कृषि कार्यहरु गरी आ-आफ्नै जीवन गुजारा गरेको पाईयो ।

तालिका - ८

साक्षरता शिक्षा कार्यक्रमले दलित महिलाहरुमा ल्याएको आर्थिक परिवर्तनहरु

| क.सं. | परिवर्तनहरु | सहभागी ४० जना मध्ये | | सहयोगी २ जना मध्ये | | अभिभावक २० जना मध्ये | |
|---|---|---|---|---|---|---|---|
| | | ज्ना | प्रतिशत | जना | प्रतिशत | जना | प्रतिशत |
| १. | जीविकोपार्जन वैक्लपिक स्रोत र साधन | २७ | ६७.५% | १ | ५० | १३ | ६५% |
| २. | प्राङगरिक मलको प्रयोग | ३३ | ८२.५% | २ | १०० | १७ | ८५% |
| ३. | वास स्थान | १७ | ४२.५% | १ | ५० | १५ | ७५% |
| ४. | बेमौसमी कृषि उत्पादन | ३४ | ८५% | २ | १०० | ११ | ५५% |
| ५. | आर्थिक | ३७ | ९२.५% | २ | १०० | १८ | ९०% |

स्रोत : स्थलगत अध्ययन (२०७२)

माथिको तालिका लाई विश्लेषण गर्दा यसरी जीविकोपार्जन बैक्लपिक स्रोत र साधन वारे चर्चा परिचर्चा गर्न जानको ६७.५% प्राङगारिक मलको प्रयोग गरेको ८२.५% प्राङगरिक मलको प्रयोग गरको ८२.५% आचस्थापन वारे थाहा भएको ४२.५% वेमोसमी कृषि उत्पादन लाई भण्डारको तरिका वारे थाहा पाईयो ।

साक्षर कार्यक्रमले दलित महिलाहरु वौद्धिक चेतना पलाई उनीहरु आर्थिक उन्नतीको लागी घरायसी काममा मात्र सिमित नरही आर्थिक लाभ हुने स्थानमा हालको आर्थक उन्नती राम्रो देखिन्छ ।

### ४.२.४ पारिवारिक जीवनमा परिवर्तन

साक्षरता प्राप्त दलित महिलाहरु पहेलेको तुलनामा अहिले सानो परिवारमा वस्न थालेको र पुरुष आफै परिवार चलाउन थालेको पाईयो ।

तालिका - ९

साक्षरता प्राप्त दलित महिलाहरुले ल्याएको परिवारिक परिवर्तनहरु

| क.सं. | पारिवारिक जीवनमा आएका परिवर्तनहरु | सहभागी ४० जना मध्ये | | सहयोगी २ जना मध्ये | | अभिभावक २० जना मध्ये | |
|---|---|---|---|---|---|---|---|
| | | ज्ना | प्रतिशत | जना | प्रतिशत | जना | प्रतिशत |
| १. | नैतिक जिम्मेवारीको पाठ सिकेको | ३८ | ९५ | २ | १०० | १३ | ६५ |
| २. | केटा कटीलाई उचित शिक्षा दिक्षा दिएको | ३७ | ९२.५ | २ | १०० | १७ | ८५ |
| ३. | सानो परिवारको धारणा विकाश भएको | २७ | ६७ | १ | ५० | १६ | ६० |
| ४. | महिलाले पनि पुरुष सरह परिवार चलाएको | १९ | ५० | १ | ५० | १६ | ६० |
| ५. | महिला अधिकार वारे सचेत भएको | २२ | ५५ | १ | ५० | ११ | ५५ |

स्रोत : स्थलगत अध्ययन (२०७२)

माथिको तालिकालाई विशलेषण गर्दा साक्षरता प्राप्तले गर्दा दलित महिलाहरु विभक्त भई सानो सानो परिवारमा सुखी सम्पन्न वस्न गरेको पाईयो ।

### ४.२.५ स्वास्थ्य तथा सरसफाई

साक्षरता प्राप्त दिलत महिलाहरुको थोरैमात्रामा भएपनि वातावरणीय सरसफाई प्रति ध्यान दिइएको पाईयो, जसले गर्दा उनीहरु पौष्टिक तत्व युक्त खाना खान थालेको र धुम्रपान जस्ता कुलतबाट टाढा रहेको पाईयो ।

तालिक - १०

साक्षरता प्राप्त दलित महिलाहरुमा भएको स्वास्थ्य तथा सरसफाई सम्बन्धिचेतना

| क.सं. | स्वास्थ्य तथा सरसफाई परिवर्तनहरु | सहभागी ४० जना मध्ये | | सहयोगी २ जना मध्ये | | अभिभावक २० जना मध्ये | |
|---|---|---|---|---|---|---|---|
| | | ज्ना | प्रतिशत | जना | प्रतिशत | जना | प्रतिशत |
| १. | सरसफाई बारे सचेत भएको | ३१ | ७७.५% | २ | १०० | १८ | ९०% |
| २. | धुम्रपान बारे थाहा भएको | ३४ | ८५% | २ | १०० | १७ | ८५% |
| ३. | पौष्टिक अहार बारे थाहा भएको | २७ | ३७.५% | १ | ५० | १२ | ६०% |
| ४. | पौष्टिक तत्व जोगाउने प्रकृया बारे ज्ञान भएको | २३ | ५७.५% | १ | ५० | १५ | ७५% |

स्रोत : स्थलगत अध्ययन (२०७२)

माथिको तालिकाबाट साक्षरता प्राप्त दलित महिलाले उपयोग्य वस्तुहरुमा सरसफई पूर्ण तरिकाले प्रायोग गरेको पाईयो फलस्वरुप तिनीहरुमा स्वास्थ्य चेतना रहेको अनुभव गरियो ।

### ४.२.६ व्यवहारिक जीवनमा आएका परिवर्तनहरु

साक्षरता प्राप्त गर्दा महिलाहरु पढन लेख्न गरेको तथा समान्य व्यवहारिक चिजवस्तुहरुको वारेमा जानकारी लिएको पाईयो ।

तालिक - ११

साक्षरता प्राप्त दलित महिलाहरुमा पाइएको व्यवाहारिक परिवर्तनहरु

| क.सं. | स्वास्थ्य तथा सरसफाई परिवर्तनहरु | सहभागी ४० जना मध्ये | | सहयोगी २ जना मध्ये | | अभिभावक २० जना मध्ये | |
|---|---|---|---|---|---|---|---|
| | | ज्ना | प्रतिशत | जना | प्रतिशत | जना | प्रतिशत |
| १. | बिल पढेर रकम थाहा पाएको | ३२ | ८०% | १ | ५०% | १६ | ८०% |
| २. | गडीको नम्बर चिनेको | ३५ | ८७.५% | २ | १००% | १२ | ६०% |
| ३. | चिट्ठी लेख्न र पढन सकेको | २८ | ७०% | १ | ५०% | १४ | ७०% |
| ४. | आगो पोलेको उपचार गर्न जानेको | २९ | ७२.५% | २ | १००% | १३ | ६५% |
| ५. | करेसाबारीको व्यवस्थापन | २७ | ६७.५% | १ | ५०% | १२ | ६०% |
| ६. | वृक्षारोपन | ३४ | ८५% | १ | ५०% | १९ | ९५% |
| ७. | टेलिफोन गर्न सकेको | २८ | ७०% | २ | २% | १३ | ६५% |
| ८. | सूचना पढन सक्ने | २५ | ६२.५% | १ | ५०% | १७ | ८५% |
| ९. | मेन स्वीच बन्द गर्ने | ४० | १००% | २ | १००% | २० | १००% |
| १०. | साधारण जोड घटाउ गर्ने | ३४ | ८५% | २ | १००% | १० | ५०% |

स्रोत : स्थलगत अध्ययन (२०७२)

माथिको तालिकाबाट साक्षरता प्राप्त दलित महिलाहरु विजुली विलको रकम थाहा पाएको ८०%, गाडीको नम्बर चिनेको ८७%, साधारण चिट्ठी लेख्न पढन सकेको ७०%, आगोले पोलेको साधारण उपचार गर्न जानेको ७२.५%, टेलिफोन गर्न जानेको ७०%, कुनै सूचना पढ्न सकेको ६२.५%, साधारण जोड-घटाउ गर्न

सकने ८५% तथा १००% महिलाले करेन्ट लागेपछि मेन स्वीच बन्द गर्न जानेको छ ।

### ४.२.७ सहभागी प्रति स्थानिय समुदायको व्यवहार सम्बन्धि विवरण

साक्षरतचा प्राप्त दलित महिलाको वारेमा दुवै वाडाबाट स्थानीय समुदाय तथा अभिभावक सँग प्रतिकृया लिदा तिनीहरुमा महिला प्रति निम्न व्यवहार भएको पाईयो ।

तालिक - १२

स्थानीय समुदायको व्यवहार सम्बन्धि विवरण

| क.सं. | व्यवहार | जम्मा २० जना स्थानीय | प्रतिशत |
|---|---|---|---|
| १. | अति राम्रो | २ जना | १० |
| २. | राम्रो | ३ जना | १५ |
| ३. | नराम्रो | ४ जना | २० |
| ४. | ठीकै | ११ जना | ५५ |
| जम्मा | | २० जना | १०० |

स्रोत : स्थलगत अध्ययन (२०७२)

माथिको तालिका अनुसार २ जना अभिभावकले अति राम्रो, ३ जना राम्रो, ४ जनाले नराम्रो तथा ११ जनाले स्थानीय बासीले साक्षरतामा सकारात्मक भावना पाईयो ।

### ४.२.८ सहभागी स्थानीय साधन र स्रोत प्रयोग सम्बन्धि विवरण

प्रस्तुत अध्ययनमा स्थानीय स्रोतको प्रयोग भए नभएको वारे सहभागी संग छलफल गर्दा निम्न विवरण पाईयो ।

तालिक - १३

| क.सं. | अवस्था | जम्मा सहभागीता मध्ये | प्रतिशत |
|---|---|---|---|
| १. | राम्रो संग | १८ जना | ४५% |
| २. | सामान्य रुपमा | १६ जना | ४०% |
| ३. | गरेको छैन | ६ जना | १५% |
| जम्मा | | ४० जना | १००% |

स्रोत : स्थलगत अध्ययन (२०७२)

माथिको तालिकालाई अध्ययन गर्दा १८ जना सहभागीले राम्रो संग, १६ जनाले सामान्य रुपमा तथा ६ जनाले स्थानीय स्रोत तथा साधनको प्रयोग नगरेको पाईयो । आतः साक्षरता प्राप्त दलित महिलाले स्थानीय स्तरको स्रोत साधनको प्रयोग निकै रहेको पाईयो ।

### ४.२.९ सहभागीहरुको घरमा पिउने पानी सम्बन्धि विवरण

साक्षरता शिक्षाको मुख्य उद्देश्य दैनिक जीवनमा आइपर्ने समस्याहरुको समाधान गरी स्वस्थ्य जीवन यापन गर्न सिकाउनु हो । साक्षरता प्राप्त दलित महिलाहरुको घरमा पिउने पानीको वारेमा निम्न व्यवस्था पाईयो ।

तालिक - १४

पिउने पानी सम्बन्धि विवरण

| क्र.सं. | पानीको व्यवस्था | जम्मा २० जना स्थानीय | प्रतिशत |
|---|---|---|---|
| १. | उमालेर | १४ जना | ३५% |
| २. | फिल्टर गरेर | ६ जना | १५% |
| ३. | क्लोरिन झोल प्रयोग गरेर | ५ जना | १२.५% |
| ४. | गग्रीबाट | १५ जना | ३७.५% |
| जम्मा | | ४० जना | १००% |

स्रोत : स्थलगत अध्ययन (२०७२)

माथिको तालिका अनुसार १४ जनाले पानी उमालेर, ६ जनाले फिल्टर गरेर, ५ जनाले क्लोरीन झोलको प्रयोग तथा १५ जनाले गाग्रीबाट पानी खाएको पाईयो । अथर्गात् साक्षर प्राप्त दलित महिलाहरुले पिउने पानी स्वच्छ खाने गरेको पाईयो ।

## ४.३ साक्षरता प्राप्त दलित महिलाहरुको तथ्याङ्कको व्याख्या विश्लेषण

कुनै पनि विषय वस्तुका वारेमा थाहा पाउन मानिसमा साधारण ज्ञानको आवश्यकता पर्दछ । कुनै पनि प्रारम्भ गर्दा त्यसमा आईपर्ने सम्स्या र चुनौतिहरुको पहिचान गर्नु अति आवश्यक हुन्छ । ती समस्या र चुनौतीको सामाधानका उपायहरु अवलम्बन गर्नु उद्देश्य वमोजिम विभिन्न स्रोत सामग्राी तथा जनशक्ति प्रभावकारी रुपमा सञ्चालन गरिए समस्या र चुनौतीहरु न्युनीकरण गर्न सकिन्छ । अध्ययनमा पनि केही कुरुमा कमी कमजोरी देखिएको हुदाँ आवश्यक सुझावहरु प्रस्तुत गरिएको छ ।

दलित समाजमा भेदभाव, छुवाछुत सम्बन्धि अझै गुण केही मात्रामा समाजमा नराम्रो धारणा छ त्यसमा परिवर्तन ल्याई दलित महिलाको जीवन शैलीलाई माथि उठाउन सकिन्छ । वृतिका लागी सरकारी तर्फबाट व्यवस्था मिलाउन पर्दछ । मात्र साक्षर भई जीवनशैली माथि उठाउन सकिदैन । समता मूलक समाजमको निमार्ण गर्दा मात्रै दलित महिलाको कल्याण हुन सक्दछ । साक्षर प्राप्त दलित महिलालाई आफ्नो प्रमुख पेशा वाहेकका व्यवसाय गर्न जनचेतनामूलक कार्यक्रममा सहभागी गराउनु पर्दछ । दलित समाजमा शुद्ध पानी पिउनको लागी तथा चर्पीको लागी सरकारबाट पहल हुनु जरुरी छ ।

# परिच्छेद पाँच

## निष्कर्ष र सुझाव

### ५.१ निष्कर्ष

दलित महिला साक्षरता प्राप्त अभियान अन्तर्गत दलित महिलामा शिक्षाको विशेष रुपले प्रभाव परेको छ । यिनीहरुमा शैक्षिक चेतना वृद्धि आई विगतको भन्दा वर्तमान सहभागिता प्रगति तर्फ अगाडी बढी रहेको पाईन्छ । औषत अनुपातमा चल्नु पर्ने कक्षा विविध कारणवश सुजाद हुन नसकेर पनि जे जति चले त्यसबाट प्राप्त शिक्षा समग्रमा लाभदायक देखिन्छ । साक्षरता अभियानले दलित महिलालाई उत्साहित गरेको पाईयो । दलित महिलाहरु उत्साहित गरेको पाईयो । दलितहरु बढीमात्रामा नियमित उपस्थित हुने गरेको तथा अनियमित रुपमा उपस्थित हुने गरेको तथा अनियमित उत्साहित उपस्थित हने महिलाहरु थोरै देखियो । महिला साक्षरता अभियान संचालन भएतापनि शैक्षिक संस्थामा दलित महिलाहरु कतिपय सामाजिक बन्देजले र घरायसी कारणले अनुउपस्थित हुने गरेको पाईयो । शैक्षिक संस्थालगायत अध्ययन गर्दा विभिन्न स्रोतकेन्द्रहरुमा विद्‌यार्थी सहभागीतामा खास गरी साक्षरता अभियानले सन्तोषजनक योगदान पुऱ्याएको शैक्षिक सहभागिता राम्रो देखियो ।

यो अभियान यस जातिको अभिभावक वर्गमा चेतना ल्याइएकोले वेलुकी पख संचालित प्रौढ कक्षामा कति पय महिलाहरु श्रीमान्, साथी तथा सहयोगी कार्यकर्ताबाट अभिप्रेरित भई कक्षामा जाने गरेको उत्साहित स्थिति देखियो । यस अभियानमा सहभागी महिला खासगरी आर्थिक स्थितिले कमजोर देखिएकाले उनीहरु पटेया खेतीपाती तथा सामान्य रोजगारको लागी छिमेकी राष्ट्र भारतमा भरपर्ने देखिन्छ । यस अभियानमा दलित महिलाहरु विभिन्न घरायसी बोझ केन्द्र

टाढा भएको सुत्केरी भएर कार्यक्रम वारे थाहा नभएर तथा प्रेरणा दिने व्यक्तिको अभावले गर्दा साक्षरता न्युन भएको पाईयो ।

सामान्यतया सर्वेक्षणबाट देखिएका विभिन्न पक्षहरुलाई अध्ययन गर्दा फ्रेडरिक हर्जवर्गका अभिप्ररित र आरोग्य सिद्धान्त लागु भएको दखिन्छ । किनभन्ने अनुपातिक रुपमा दलित महिलाहरुमा साक्षरता कार्यक्रमले साकारत्मक प्रभाव नै पारेको कुरा अनुसन्धानबाट प्राप्त भएको छ ।

साक्षरता कार्यक्रमले सकारात्मक प्रभाव नै पारेको कुरा अनुसन्धानबाट प्राप्त भएको छ । साक्षरता कार्यक्रमले दलित महिलाहरुमा सामाजिक, आर्थिक, राजनैतिक र सांस्कृतिक गर्दा दलित महिलाहरुमा सामाजिक चेतनालाई उनीहरुलाई हरेक प्रकारका आफ्ना हकहितका लागी हाल अजाज उठाईरहेको पाउनुको साथै विकास निमार्णमा जोशपूर्ण तरिकाबाट सहभागिता जनाईरहेका छन् । यस कार्यक्रमबाट सहभागिता जनाईहेकाछन् । यस कार्यक्रमले दलित महिलाहरु आफ्नो अधिकार प्रति जागरुक भई स्थानीय स्तरमा हुने गरेको संघ संस्थाप्रति जागरुक भई स्थानीय स्तरमाहुने गरेको संग स्थानमा प्रत्यक्ष सहभागिता जनाइरहेका छन् । दलित महिलाहरुमा वौद्धिक चेतना पालई उनिहरु आर्थिक उन्नतिका लागी घरायसी क्रममा मात्र सिमित नरही आर्थिक लाभ हुने स्थानमा समेत सहभागि हुन थालेको विगतभन्दा आर्थिक उन्नति राम्रो देखिन्छ । यो कार्यक्रमले गर्दा उनीहरु परम्परागत रुपमा प्रयोग गरेको पाईयो । फलस्वरुप स्वस्थ्य चेतना रहेको अनुभव गरिन्छ ।

साक्षरता कार्यक्रम प्रभावकारी ढंगबाट चल्न व्यवथापक, सहयोगी कार्यकर्ता, संचालक र संस्थापक आदिलाई होसियारी पूर्वक आफ्नो अधिकारको सदुपयोग गर्नु पर्दछ र भ्याएसम्म सहभागीलाई हरेक तवरबाट सहयोग गर्नु पर्दछ ।

## ५.२ सुझावहरु

समाजमा धेरै जसो महिला अशिक्षित छन् । तिनीहरुको सहभागितना बढाउन वि.शि.का., गा.वि.स., न.पा. ले व्यापक प्रचार प्रसार गर्ने  चतनाको अभाव कारणले पैसा सहयोगी कार्यकर्ताले खाने हामी किन पढने ? जस्ता कुरा सहभागीहरुले गर्ने पाइएकोले जि.शि.का. अनौपचारिक शिक्षा केन्द्र आदिले चेतनामूलक कार्यक्रम ल्याउने साथै थोरै भएपनि सहभागीहरुको लागि भुक्तानीको व्यवस्था भएपनि सहभागीहरुको लागि भुक्तानको व्यवस्था गर्ने । प्रौढ साक्षरता कार्यक्रमको संचालनको समय गर्मी याम वा कार्यको समय नपारी हिउँदमा पाँदा राम्रो हुनेछ । यसबाट सहभागीनियमित हुन्छन् । नतिजाको अधारमा भुक्तानी दिने नितीको कारणले कतिपय ठाउँमा पास हुन । सहभागीहरुले आफना छोराछोरी वाट वायाँ हातबाट लेखाउन लगाएको पाइएकोले यो नितीमा हेरफेर गर्नुपर्दछ तथा परिक्षा निरीक्षकको उपस्थितीमा गरिनु पर्दछ । सहयोगी कार्यकर्ता सहभागिलाई नियमित गराउन स्थानीय निरीक्षण तथा जिल्लाका निरीक्षकहरुले नियमित निरीक्षक तथा जिल्लाका निरीक्षकहरुले नियमित निरीक्षण अनुशासन राख्नु पर्दछ ।

कक्षा संचालन कतिपय ठाउँमा भैसी बस्ने घर, रुखमुनी, घरको बरण्डा, आँगन, मन्दिरमा संचालक गर्नु गरेको धेरै समस्या परेको देखिन्छ । त्यसको लागि छुटै कक्षाकोठाको व्यवस्था गरेर मात्र कक्षा संचालन गर्नुपर्दछ । घरधुरी सवैक्षण फारम नभरीकन राजनैतिक हिसावले कोटा वितरण भएको पाइएकाले कोटा विवरण गर्दा घरधुरी सवैक्षण फारम भरेर निष्पक्ष रुपमा कोटा वितरण गर्नु पर्दछ ।

## ५.३ नीतिगत तह

साक्षरता कक्षाका सहयोगी कार्यकर्ता र सहभागीलाई परेको समस्या निवारण्को लागि नितीगत उपायहरु निम्न अनुसार अवलम्बन गर्न सकिने देखियो प्रौढ महिला सहभागीहरुलाई एवम् भए सम्म सुरक्षित ढंगले कक्षामा राखिनु पर्दछ। ती कुराहरु गुन्द्री, चकटी आदिमा आ-आफ्नो समूहमा राखिनु पर्दछ। ती कुराहरु लाई ख्याल राखी वस्ने, कुर्सी, डेस्क, बेन्च, स्कुल, गुन्द्री, चकटी आदिमा आ-आफ्नो समुहमा राख्न सके कक्षामा नियमित आउने थियो । कक्षाकोठामा स्वच्छ हावा, प्रकाश उपयुक्त तापक्रम भयो भने उनीहरुलाई नियमित कक्षामा जाउँ-जाउँ लाग्यो हुन सक्छ कक्षामा नियमित हुन नसक्ने कारणमा वस्ने व्यवस्था वा कक्षा कोठा उपयुक्त तापक्रम भयो भने उनीहरुलाई नियमित कक्षामा जाउँ-जाउँ लाग्ने हुन सक्छ। कक्षामा नियमित हुन नसकने कारणमा वस्ने व्यवस्था वा कक्षा कोठा उपयुक्त नभएर पाईयो । साक्षरता कक्षा संचालनको समय गनीयममा नपाएर चिसोमा पर्दा राम्रो हुने कुरा धेरैले बताए । त्यसे कृषि प्रधान देशमा वाली निम्त्याउने समयमा नपारी अन्य समयामा पार्नु देखिन्छ। महिलाहरुले घर धन्धा देखि खेतीवारी, मेलमिलाप, बनजङ्गल सम्मको काम भ्याउनु पर्ने हुन्छ। साक्षरता कक्षा चलुन्जेल सम्म घरका अरु सदस्यले सहभागीहरुको काम सघाएमा नियमित सहभागी हुन सक्छन् । नियमित कामालाई पनि गर्नु पढाई पनि भ्याउनु पर्ने समस्याले महिलाहरुलाई सताएको हुन्छ। यसका लागि परिवारको सदस्यकालाई बेलामा धचधच्याएर रहन सचेतना कार्यक्रम संचालन गर्ने आवश्यक हुन्छ।
अनौपचारीक शिक्षाका कक्षाहरु जनचेतनाको अभावमा सफल ढंगबाट संचालन हुन सकिरहेका छैनन् । अशिक्षित समाजको कारणले गर्दा नछुने समस्याले निकै प्रभाव पारेको देखियो। सहयोगी कार्यकर्तालाई नछुने भयो भने ३ दिन सम्म कक्षा नै नचलेको पाईयो।

यसैको लागि जनचेतना मूलक कार्यक्रम ल्याउनु पर्ने देखिन्छ भनेर धेरै मत प्रकट गरेको पाईयो ।  प्रौढ कक्षा निरीक्षणको लागि स्थानीय निरीक्षण नियुक्त भएतापनि उनीहरुले नीरिक्षण गरेको नियुक्त भएपनि उनीहरुले निरीक्षण गरेको नियुक्त भएपनि उनीहरुले निरीक्षण गरेको पाइएन । यसको लागि पटक पटक माथिल्लो निकायबाट निरीक्षण अनुगमन हुनुपर्ने कुरा सहाभागी साक्षरहरुले स्वीकार गरेको पाईयो । यसका साथै सम्बन्धित निकायले मिम्न नितीहरु बनाउनु पर्दछ ।

दलितलाई अनिवार्य शिक्षाको व्यवस्था गराउनु पर्दछ । दलितलई सर्वसुलभ तरिकाबाट शिक्षा दिलाउनु पर्छ । दलित महिलालाई विशेष प्राथमिकतामा राख्नु पर्दछ । दलित महिलालाई सर्वसुलभ तरिकाबाट शिक्षा दिलाउनु पर्छ । दलित महिलालाई विशेष प्राथमिकतामा राखिनु पर्दछ । सरकारले दलितका आर्थिक अवस्थालाई हेरेर निःशुल्क तथा सीपमूलक शिक्षाको व्यवस्था गरि दिनु पर्दछ ।

## ५.४ अभ्यास तह

शैक्षिक संस्था भित्र गईरहेका कार्यहरुको नियमित अबलोकन, अनुगमन र सुपरिवेक्षण गरी त्यसको अभिलेख राख्ने तथा सरोकारवाला संग अन्तरक्रिया गरी सुधारका लागि प्रयत्नशिल रहनु पर्दछ ।

शिक्षण सिकाईलाई विद्यार्थी केन्द्रित गराउन विद्यार्थी रुचि, आवश्यकता स्वभाव र उमेर अनुसारको शैक्षिक सामग्रीको प्रबन्ध र भौतिक सुविधा मिलाउन स्थानीय चन्दा दाता, गा.वि.स. संघ संस्थाबाट आर्थिक सहयोग जुटाउनु पर्दछ । विद्यार्थीको सिकाई उपलब्धी र प्रगती मूल्याङ्कन गर्ने अन्तिम परिक्षालाई प्रमुख आधार बनाउनु पर्दछ र विद्यार्थी प्रगतिको नियमित जनकारी विद्यार्थी र अभिभावक लाई गराइनु पर्दछ । विधाउले आयोजन ।गर्ने विभिन्न उत्सव, समारोह कार्यक्रमहरुमा शिक्षक र अभिभावकहरुलाई सम्मान गर्ने तथा विद्यार्थी पुरस्कार

दिई उत्साहजनक सहभागिता बढाउनु पदछ । विद्यालय शैक्षिक स्तर वृद्धिमा महिलाको भुमिका विद्यालयको शैक्षिक स्तरमा वृद्धिमा सरोकारवलाहरुको सहभागिताको अवस्था विद्यालयहरुमा मूल्याङ्कनको अवस्था अदि विषयमा अनुसन्धान गर्न सकिन्छ ।

यसका साथै दलित महिलाको साषरता कार्यक्रममा चलिरहेको अवस्थामा निम्न कुराहरु गर्न जरुरी देखिन्छ । दलित महिलाई शैक्षिक संस्था सम्म पुऱ्याउनको निम्ति लगाफाटा, किताब, कापीको वयवस्था सम्बन्धित पक्षले गरिदिनु पर्दछ । दलित महिलाहरुलाई उनीहरुको पुरुषबाट सचेत गराउनु पर्छ । समाजमा महिला साक्षरता सम्बन्धि जनचेतना गराउनु पर्छ ।

## ५.५ अनुसन्धान तह

सीमित क्षेत्रमा गरिएको प्रस्तुत शिर्षक अध्ययनकर्तालाई गहन रुपमा चिन्तन मननगरी सम्बन्धित निकायले राष्ट्रिय स्तरको अध्ययन अनुसन्धान गर्न थप प्रौत्साहन गर्नु पर्ने देखिन्छ । यसले अगामी अनुसन्धालाई महत्वपुर्ण मार्गदर्शन प्रदान गर्ने छ । भावि अनुसन्धानका लागि सम्भाव्य शिर्षकहरु निम्नबमोजिम सुझइएको छ । विद्यालयको शैक्षिक स्तर वृद्धिमा महिलाको भुमिका एक अध्ययन । विद्यालयको शैक्षिक स्तर वृद्धिमा सरोकारवालाहरुको सहभागितको अवस्था । विद्यालयहरुमा मूल्याङ्कनको अवस्था र चुनौतीहरु । शैक्षिक सामग्री जुटाउनमा महिलाको सहभागिता । साक्षरता कार्यक्रम शतप्रतिशत पुऱ्याउन दलित महिको चासो ।

माथि लेखेको शिर्षकहरुमा अनुसन्धान गरी अझै थरी-थरीका निष्कर्ष निकाल्न सकिन्छ । हरेक खोजीमा केही न केही राम्रा राम्रा निष्कर्ष लुकेको हुन्छन् ती निष्कर्षहरु पतालगाई अध्ययनको लागि जनचेतना बढाउन सकिन्छ ।

# सन्दर्भ सामग्रीहरु


- *वाग्ले, मनप्रसाद र ढकाल, माधव प्रसाद (२०५६) शिक्षाको प्रारम्भिक परिचय, भोटाहिटी, काठमाडौं विद्यार्थी पुस्तक भण्डार ।*
- *मिश्र, मीरा, महिला शिक्षा वार्षिक बुलेटिन (२०६१) वर्ष-५ अंक-५ प्रकाशक शिक्षा विभाग, लैङ्गिक समविकास शाखा ।*
- *शर्मा चिरञ्जीवि र शर्मा, निर्माला (२०५३) शिक्षाको दर्शन शास्त्री र समाज शास्त्रीय आधार, भोटाहिटी, काठमाडौं, एक के पब्लिसर्स एण्ड डिष्टीव्युटरर्स ।*
- *शर्मा सुरेशराज (२०५७) शिक्षा विकाश र चुनौती, नयाँ वानेश्वर, काठमाडौँ, प्रकाशन उर्मिला शर्मा ढुंगेल ।*
- *महिला शिक्षा पाठ्यक्रम, (२०६१) परिमार्जन संस्करण शिक्षा खेलकुद मंत्रालय, शिक्षा विभाग ।*
- *अनौपचारिक शिक्षा तथा साक्षरता अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका ( २०६२) अनौपचारिक शिक्षा केन्द्र, सानो ठिमी, भक्तपुर ।*
- *समानव (२०६२) कार्यमूलक प्रौढ शिक्षा मूल्याङ्कन अध्ययन, पानीपोखरी काठमाडौं ।*
- *महिला शिक्षा पाठ्यक्रम (२०६१) परिमार्जित संस्करण, शिक्षा तथा खेलकुद मन्त्रालाय, शिक्षा विभाग ।*
- *दलित मानव अधिकार अवस्था (२००८) जागरण मिडिया सेन्टर, काठमाडौं ।*
- ***राष्ट्रिय  जनगणना तथ्याङ्क, २०६८***
- *जनउथान (२010), नेसाक (१९९८), स्वास्थ्य मन्त्रालय, (१९९७), पाण्डे (२०६०), त्रिपाठी (२०६३)*
- *केन्दीय तथ्याङ्क विभाग १९९६ बुलेटिन ।*
- *साक्षरता निवन्धावली (२०५४) काठमाडौं शिक्षा मन्त्रालय शिक्षा विभाग प्रौढ शिक्षा शाखा ।*

- *वस्नेत होमबहादुर (२०५४) महिला अनौपचारिक शिक्षा कार्यक्रमको प्रभावकारिता एक अध्ययन त्रि.वि.वि. नेपाल, अप्रकाशित सोधपत्र ।*

- Aryal, Chudanath (1997) The Prospective of non formal Education as a strategy for development, Canda, University Of Alberta Unpublished dectroal dissertion.
- Luitel samia (1997) Empowrment? What beling literate means to Mathili woman in Nepal, Canada, University, of Alberta, Unpublished.
- Doctral dissertation.
- Team consult (1999) The condition of Dalits (Untouchables) in Nepal.
- Assessement of the impact of various Development Interventions Report submitted to UNDP.
- Jha Hari Bansh (200) Nepalma Dalit Utthnoko Rananiti (Strategy for Dalit Upliftment in Nepal) Center for Economic and Technical Studies, Lalitpur.
- Koirala Vidyanath 91996) Schooling and Dalits of Nepal: A case Study of Bangkot Dalit Community Ph.D. Thesis, university of Alberta.
- NDC, (2060) Bulletin of National Dalit: National Dalit Comminition Kathmandu.

## अनुसूची १

## साक्षरता प्राप्त दलित महिलाको जीवन शैली

## सहभागीहरुको लागि प्रश्नावली

सहभागीका नाम ठेगना

उमेर मिति

विवाहित/अविवाहित

१. महिला साक्षरता कार्यक्रम सहभागि हेर्दा कस्ता अनुभव भएको छ ?

(क) रमाइलो (ख) नरमाइलो (ग) ठीकै (घ) ठीकठीकै

२. यस कक्षामा तपाई कहिले आउनु हुन्छ ?

(क) नियमित (ख) धेरेजसो (ग) कहिलेकाँही (घ) बोलाउँदा

३. तपाई लेखपढ गर्न कतिको जान्नु भएको छ ?

(क) पूर्णतया (ख) धेरैजसो (ग) थोरै (घ) असहयोग

४ तपाई कामलाई यो शिक्षाले कतिको सहयोग गर्छ ?

(क) पूर्णतया (ख) धेरैजसो (ग) थोर (घ) असहयोग

५. तपाई पढेको देखेर घरमूली कतिको खुशी हुनुहुन्छ ?

(क) धेरै खुशी (ख) कहिलेकाँही खुशी (ग) रिसाउने (घ) अन्य

६. तपाई घरमूलीले यो शिक्षा लिने कार्यमा कतिको सहयोग गर्नुहुन्छ ?

(क) धेरै (ख) सामान्य (ग) सहयोग (घ) असहयोग

७. तपाईको श्रीमान/अभिभावकले कति पढनु भएको छ ?

(क) साक्षर (ख) निरक्षर (ग) एसएलसी मुनी (घ) एसएलसी पास

८. तपाईको श्रीमान/अभिभावकले अर्थोंपाजन कसरी गर्नुहुन्छ ?

(क) विदेश गएर (ख) खेतीपाती (ग) नोकरी (घ) व्यापार

९. के तपाई सीपमूलक र आय आर्जन सम्बन्धि अन्य केही काम गर्नु भएको छ ?

(क) गरेको छु (ख) गरेकी छैन (ग) पाएमा गर्नेछु (घ) सोच बनाएको छु

१०. तपाई छोराछोरी/भाइबहिनीहरुले कहाँ पढेका छन ?

(क) बोर्डिङमा (ख) सरकारी स्कुलमा (ग) गाउँ बाहिर (घ) पढेका छैनन्

११. तपाईको आफ्नो व्यक्तिगत खर्च कहाँबाट पाउनुहुन्छ ?

(क) श्रीमान (ख) आफै काम (ग) सासु-ससुरा (घ) अन्य

१२. तपाई आफ्नो घरको काम कसरी गर्ने गरिएको छ ?

(क) आफु एक्लै (ख) कामको बाँडफाड गरेर (ग) गैर जिम्मेवारी पूर्वक (

घ) अन्य

१३. तपाईका श्रीमान/अभिभावकले काममा कतिको सघाउनु हुन्छ ?

(क) प्रायजसो (ख) सघाउनु हुदैन (ग) लुकी-लुकी (घ) सहयोग मागेमा

१४. छुवाछुत र भेदभावप्रथाको तपाईले कतिको विरोध गर्नुपर्छ ?

(क) पूर्ण (ख) समय अनुसार (ग) गर्दिन (घ) मनपर्नेमा

१५. तपाईको विवाह हुँदा तपाई कति वर्षको हुनुहुन्थ्यो ?

(क) १६-१८ वर्ष मुनी (ख) १६-१८ वर्ष (ग) १८ वर्ष माथि

(घ) विहे भएको छैन ।

१६. छोरा वा छोरी दुई वटा सम्म सन्तान जन्मिसकेपछि परिवार नियोजन गर्ने कुरमा तपाई कतिको सहमत हुनुहुन्छ ?

(क) पूर्ण सहमत (ख) सहमत (ग) असहमत (घ) पूर्ण असहमत

१७. जनसङ्ख्याको चापले गर्दा वन जंगल नासिदै छन्, पाखा पर्वत र डाँडा काँडामा पहिरो आउने गर्छन् ?

(क) पूर्ण सहमत (ख) सहमत (ग) असहमत (घ) पूर्ण असहमत

१८. मानौकी तपाई गर्भवती हुनुहुन्छ भने जन्मने बच्चा के चाहनुहुन्छ ?

(क) छोरा (ख) छोरी (ग) जे भएपनि हुन्छ

(घ) जुम्ल्याहा छोरा र छोरी

१९. यदि स्थानीय/अस्थायी परिवार नियोजन गरेको/गर्ने भए कसल गरेको छ/ कसले गर्ने सोच छ ?

(क) श्रीमान् (ख) श्रीमती (ग) दुबै (घ) प्रयोग हुदैन

२०. तपाईको खेतवारीमा कुन किसिमको मल प्रयोग गरिन्छ ?

(क) कम्पोष्ट मल (ख) रसायनिक कल (ग) दुवै (घ) प्रयोग हुदैन

२१. महिला साक्षरता कक्षामा सहभागी भएछि तपाई एवम् समुदायमा के-कस्ता आर्थिक परिवर्तनहरु आएका छन् ?

..................................................................................

२२. महिला साक्षरता कक्षामा सहभागी भएछि तपाई एवम् समुदायमा के-कस्ता समाजिक परिवर्तनहरु आएका छन् ?

..................................................................................

२३. समुदायिक विकार कार्यमा सहभागी कतिको हुनु भयो र पुरुष समुदायबाट के कस्तो सहयोृग पाउनु भयो ?

.....................................................................................

२४. महिला साक्षरता लैङ्गिक समानता र सशक्तिकरणका लागि के कस्ता प्रयासहरु कसरी गर्नुभयो ?

.........................................................................................................

२५. कार्यक्रम अवधिभर तपाई स्वयालाई तथा संचालनमा के कस्ता समस्याहरु आई परे र ती सबै समस्याहरुको समाधान कसरी गर्न सकिन्छ ?

.....................................

# अनुसूची २

## साक्षरता प्राप्त दलित महिलाको जीवन शैली

## सहभागीहरुको लागी अवलोकन फारम

सहभागीको नाम ठेगना

उमेर मिति

विवाहित/अविवाहित

१. सहभागीहरुले लगाउने कपडा कस्ता देखिन्छ ?

(क) अति सफा (ख) सफा (ग) फोहर

२. सहभागीहरुको घर आँगन कस्तो छ ?

(क) अति सफा (ख) सफा (ग) फोहर

३. छोराछोरी/भाईबहिनीहरु प्रति व्यवहार कस्तो छ ?

(क) अति राम्रो (ख) राम्रो (ग) नराम्रो

४. छोराछोरी/भाईबहिनीहरुका शारीरिक सरसफाईको अवस्था कस्तो छ ?

(क) अति राम्रो (ख) राम्रो (ग) नराम्रो

५. घरमा चर्पीको अवस्था कस्तो ?

(क) अति राम्रो (ख) राम्रो (ग) नराम्रो

६. पिउने पानीको व्यवस्था कस्तो छ ?

(क) उमालेर (ख) फिल्टर गरेर (ग) गाग्रीबाट सारेर

७. सहभागी महिलाको व्यक्तिगत सरसफाईको अवस्था कस्तो छ ?

(क) अति सफा (ख) सफा (ग) सामान्य

८. सहभागीहरुले प्रयोग गर्ने गरेको पाठ्य सामग्रीहरुको जतन स्थिति कस्तो छ ?

(क) व्यवस्थित (ख) अव्यवस्थित (ग) अति राम्रो

९. घर परिवार प्रतिका व्यवहार कस्तो छ ?

(क) अति राम्रो (ख) राम्रो (ग) नराम्रो

१०. बोलचालीको भाषा र व्यवहारिक कार्यमा कस्तो छ ?

(क) अति राम्रो (ख) राम्रो (ग) सामान्य

११. बोलीचालीको भाषा र व्यवहारिक कार्यमा कस्तो सामन्जस छ ?

(क) अति राम्रो (ख) राम्रो (ग) सामान्य

१२. महिलाले महिलालाई गरिने व्यवहार कार्यकोमा कस्तो छ ?

(क) अति राम्रो (ख) राम्रो (ग) सामान्य

१३. अन्य स्थानीय संघ संस्था समूहसंगको सम्बन्ध कस्तो छ ?

(क) अति राम्रो (ख) राम्रो (ग) सामान्य

१४. सहजकर्ता शिक्षक/संस्थाप्रतिको व्यवहार कस्तो छ ?

(क) सकारात्मक (ख) नकारात्मक (ग) सामान्य

१५. सामाजिक कार्यमा सहभागीता कस्तो छ ?

(क) सक्रिय (ख) निसक्रिय (ग) सामान्य

१६. सहभागीको घरायसी आर्थिक सामाजिक अवस्था कस्तो छ ?

(क) उतम (ख) मध्यम (ग) सामान्य

१७. कक्षामा सहभागीको उपस्थिति कस्तो रहेको छ ?

(क) नियमित (ख) अनियमित (ग) न्युन

१८. सहभागीहरु स्थानीय साधन र श्रोतको प्रयोग कसरी गरेका छन् ?

(क) राम्रोसंग (ख) सामान्य रुपमा (ग) गरेका छैनन्

१९. सहभागीहरु पढन जाँदा छोराछोरी वा भाइबहिनीहरु परिवारको कसले हेर्ने गर्दछन् ?

(क) श्रीमान (ख) सासु-ससुरा (ग) अन्य .............

२० सहभागी प्रति स्थानीय समुदायको सोच व्यवहार कस्तो रहेको छ ?

(क) सकारात्मक (ख) नकारात्मक (ग) सामान्य

# अनुसूची ३

## साक्षरता प्राप्त दलित महिलको जीवन शैली

## सहभागीहरुको लागि अवलोकन फारम

नाम — जिल्ला

शैक्षिक योग्यता — गाविस

उमेर — वाडा नं.

कार्यक्रमको किसिम — मिति

१. यस महिला साक्षरता कक्षा संचालनको स्थापना र व्यवस्था किन र कसरी भयो ?

२. तपाई यो कक्षा सहजीकरण/संचालन गर्नु भएको कति महिना भयो ?

३. यो कार्यक्रम संचालनको लागि कुन किसिमको तालिका वा गोष्ठीमा कति दिन सामेल हुनु भएको छ ?

४. तपाईको कक्षामा कति जना महिलाहरु सहभागी भएका छन् ?

५. ती सहभागीहरु कतिको नियमित छन् ?

(क) पूर्णतया (ख) धेरै जसो (ग) केही मात्र (घ) कोही छैन

६. सहभागीहरु बढी नियमित/बढी अनियमित हुनुका कारणहरु के के होलान् ?

७. सहभागीको नियमितता बढाउन के के उपाय गर्नु भयो वा के उपाय गरे वेस होला ?

८. यस कार्यक्रम निरीक्षण गर्न आउने व्यवस्था छ कि छैन ?

९. यदी छ भने यस कार्यक्रमको निरीक्षण कस कसले गर्दछ र त्यसको उद्देश्य के रहेको हुन्छ ?

१०. यस कार्यक्रम पुरा गरेको सहभागीहरु के के गर्न सक्छन ?

११. यस कार्यक्रममा यस वडाका अन्य निरक्षर महिलाहरु के सबै सहभागी भएका छन ?

१२. यदि छैनन भने त्यसको कारण के के होलान ?

१३. सहभागी महिलाहरुले के कस्ता विषयवस्तुहरुका विषेश चाख राखेको पाईयो ?

१४. यस कार्यक्रममा सहभागी भएका महिलाहरुका समस्याहरु के के छन ?

१५. माथि उल्लेखित समस्याहरु समाधान गर्न के के उपायहरु गर्न सकिन्छ ?

१६. यो कार्यक्रम संचालनमा तपाईलाई परेको समस्याहरु र समाधाका उपायहरु के के हुन ?

१७. महिला साक्षरता लैङ्गिक समानता र सशक्तिकरणको लागि के कस्तो प्रयासहरु भएको पाउनुभयो ?

१८. कक्षा संचालनको क्रममा साथै पछि महिला साक्षरताहरुमा के के परिवर्तनहरु आए ?

१९. सिंगो समुदायमा के के आर्थिक परिवर्तन पाउनु भएको छ ?

२०. सिंगो समुदायमा के के सामाजिक परिवर्तन वारेमा के के थाहा पाउनु भएको छ ?

२१. यस वडाको महिलाहरुको लैङ्गिक अवस्थाको वारेमा के के थाहा पाउनु भएको छ ?

२२. सामुदयिक विकास कार्यमा महिलाको सहभागीता के कस्तो कसरी रहेको छ ?

२३. अन्य संघसंस्था, समुदाय, गाविस र स्थानीय विद्यालय आदिबाट के कस्तो सहयोग कहाँ बाट पाउनु भयो ?

२४. समुदायबाट महिलाहरु प्रति हेर्ने दृष्किोण के कस्तो भएछ ?

२५. महिला साक्षरता शिक्षाको सफल कार्यन्वयनको लागि के के सुझावहरु दिनुहुन्छ ?

# अनुसूची ४

## साक्षरता प्राप्त दलित महिलाको जीवन शैली

## सहभागीहरुको लागी अवलोकन फारम

सहभागीको नाम ठेगना

उमेर मिति

विवाहित/अविवाहित

१. तपाईको कार्य क्षेत्रमा कति ठाउँमा महिला साक्षरता शिक्षा कार्यक्रम संचालन भएका छन् ?

२. तपाईको संस्थाले यस स्थानमा महिला साक्षरता कक्षा संचालनको लागि व्यवस्थापन किन र कसरी गर्यो ?

३. यस कार्यक्रममा महिलाहरुको सहभागीता कस्तो पाउनु भयो ?

(क) सन्तोषजनक (ख) असन्तोषजनक

४. यदि महिला सहभागीता सन्तोषजनक छैन भने त्यसको निराकरणको लागी कुन कुन उपायहरु अपनाउनु भएको छ ? कुन कुन उपाय अपनाउनु वेश होला ?

५. प्रस्तुत कार्यक्रम कति दिन/महिना विराएर निरिक्षण गर्नुहुन्छ ?

६. कक्षा संचालनको लागि तालिम सामग्री शिक्षकको व्यवस्था कसरी गर्नु भयो ?

७. महिला साक्षरता कक्षा संचालन गर्ने सोच र त्यसै क्षेत्रमा गर्ने सोच कसरी गर्नु
भयो ?

८. कक्षा संचालनमा के कस्तो समस्याहरु आईपरेका छन् ?

९. कक्षा संचलानमा आईपरेको समस्याहरुका समाधानका उपायहरु के के हुन ?

१०. महिला साक्षरता कक्षा संचालन पश्चात सहभागी एवम् समुदायहरुमा के कस्ता आर्थिक परिवर्तनका प्रभावहरु परेका छन् ?

११. महिला साक्षरता कक्षा संचालन पश्चात सहभागी एवम् समुदायहरुमा के कस्ता सामाजिक परिवर्तन प्रभावहरु परेका छन् ?

१२. महिला साक्षरता शिक्षाको सफल कार्यन्वयनको लागि सरकारी स्तरबाट के कस्ता प्रयासहरु गर्नु उपयुक्त हुन्छ ?

## अनुसूची ५

## साक्षरता प्राप्त दलित महिलाको जीवन शैली

## सहभागीहरुको लागि अवलोकन फारम

सहभागीको नाम ठेगना

उमेर मिति

विवाहित/अविवाहित

१. कक्षा कोठाको अवस्था

(क) सिमेन्टको घर (ख) माटोको भूइ (ग) सिमेन्ट भुइ (घ) ढुङ्गा माटो घर

२. बस्ने व्यवस्था।

(क) स्कुल (ख) फल्याक (ग) डेस्क बेन्च (घ) अन्य

३. बती तथा प्रकाशको व्यवस्था।

(क) बिजुली वती (ख) लाल्टीन (ग) टुकी (घ) अन्य

४. शैक्षिक समग्रीको अवस्था र आधारभुत शैक्षिक सामग्री

(क) प्रयाप्त (ख) अप्रयाप्त

५. शैक्षिक सामाग्रीको प्रयोग।

(क) सधै भएको (ख) आवश्यक मात्रामा भएको (ग) कहिले भएको (घ) नभएको

६. अध्यापन विधि

(क) सहभागीतात्मक छलफल (ख) व्यख्यान (ग) समस्या समाधान (घ) प्रश्नोतर

७. पिउने पानीको व्यवस्था

(क) राम्रो (ख) नराम्रो (ग) आंशिक राम्रो (घ) छैन

८. अभिलेख फाईल रजिष्टरको व्यवस्था

(क) व्यवस्थित (ख) अव्यवस्थित (ग) आंशिक व्यवस्था

(घ) नभएको

९. स्थानीय साधन र श्रोतको प्रयोग

(क) भएको (ख) नभएको (ग) आंशिक भएको

(घ) साधन श्रोत अप्रयाप्त भएको

१०. सहयोगी शिक्षकको बानीव्यहोरा

(क) अतिराम्रो (ख) राम्रो (ग) नराम्रो (घ) आंशिक राम्रो

११. सहयोगी शिक्षकको उपस्थिति

(क) नियमित (ख) अनियमित (ग) नभएको (घ) कहिले काँही

१२. सहयोगी संस्थाको निरीक्षण

(क) हप्ता हप्ता (ख) महिना महिना (ग) कार्यक्रम शुरु र अन्तमा

(घ) कहिले काही

१३. कक्षा कोठामा सहभागीको उपस्थिति

(क) नियमित (ख) अनियमित (ग) नभएको (घ) कहिलेकाही

१४. सहभागीहरुले सम्बन्धित पाठ्यपुस्तक बाहेक अन्य सन्दर्भ पुस्तक तथा पत्रपत्रिका

(क) अध्ययन गरेको (ख) अध्ययन गर्दै नगरेको (ग) कहिले काहि अध्ययन गरेको (घ) नपाएर नगरेको